# जिल्ला विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६५

(संशोधन र परिमार्जन सहित)

# Minimum Conditions and Performance Measures Assessment Manual of District Development Committees 2008

(With revision and amendment)

नेपाल सरकार

स्थानीय निकाय वित्तीय आयोगको सचिवालय

# जिल्ला विकास समितिहरूको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६५ (परिमार्जन र संशोधन सहित)

# Minimum Conditions and Performance Measures Assessment Manual of District Development Committees (with revision and amendment), 2008

नेपाल सरकार
स्थानीय निकाय वित्तीय आयोगको सचिवालय

# जिल्ला विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि

प्रकाशक : स्थानीय निकाय वित्तिय आयोगको सचिवालय

संस्करण : २०७० वैशाख (परिमार्जन र संशोधन सहित)

सर्वाधिकार : स्थानीय निकाय वित्तिय आयोगको सचिवालय

प्रति : १,०००

मुद्रक : प्रगति प्रिन्टर्स, अनामनगर, काठमाण्डौ

# विषय-सूची

**परिच्छेद–१** **१**

**प्रारम्भिक** १

१.१ संक्षिप्त नाम र प्रारम्भ १

१.२ परिभाषा १

**परिच्छेद–२** **३**

**न्यूनतम शर्तका सूचकहरू र मापन विधि** ३

२.१ न्यूनतम शर्त (Minimum Conditions) का सूचकहरू ३

२.२ न्यूनतम शर्तका सूचकहरूको व्याख्या र मापन विधि ३

सूचक नं. १ : वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति ३

सूचक नं. २ : वार्षिक प्रगति समीक्षा ५

सूचक नं. ३ : वार्षिक तथा चौमासिक प्रगति प्रतिवेदन ५

सूचक नं. ४ : आन्तरिक लेखापरीक्षण र गाविसको अन्तिम लेखा परीक्षण ६

सूचक नं. ५ : जिल्ला विकास कोषको खाता सञ्चालन ७

सूचक नं. ६ : सूचना अभिलेख तथा व्यवस्थापन ८

सूचक नं. ७ : अन्तिम लेखापरीक्षण र बेरुजुको अभिलेख ९

सूचक नं. ८ : जिन्सी व्यवस्थापन १०

सूचक नं. ९ : कर्मचारी व्यवस्थापन ११

**परिच्छेद–३** **१२**

**कार्यसम्पादन मापनका सूचकहरू, अंक भार र मापन विधि** १२

३.१ कार्य सम्पादन मापन (Performance Mesures, PMs) को कार्यक्षेत्र र सूचकहरू १२

३.२ कार्य सम्पादन मापनका सूचकहरूको व्याख्या र मापन विधि १२

**कार्य क्षेत्र समूह नं १ : योजना तथा बजेट व्यवस्थापन** १३

सूचक नं १ : आयोजना प्राथमिकिकरण र छनौटका आधार १३

सूचक नं २ : आयोजनाको लागत अनुमान र बजेट विनियोजन १४

सूचक नं ३ : आयोजनाहरूको मर्मत संभार १४

सूचक नं ४ : आवधिक जिल्ला विकास योजना १५

सूचक नं ५ : जिल्ला यातायात गुरु योजना (DTMP) र सो को कार्यान्वयन १६

सूचक नं ६ : उर्जा र वातावरण व्यवस्थापन १६

सूचक नं ७ : बहुपक्षीय जिम्मेवारीका क्षेत्रको सहभागितामुलक योजना कार्यान्वयन (Cross Cutting Sectors) १७

सूचक नं ८ : लक्षित समूह विकास कार्यक्रम १८

**कार्य क्षेत्र समूह नं २ : स्रोत परिचालन तथा वित्तीय व्यवस्थापन** १९

सूचक नं. ९ : स्रोत अनुमान १९

सूचक नं १० : आन्तरिक आयको प्रक्षेपण र संकलन २०

सूचक नं ११ : आन्तरिक आयको बाँडफाँड २०

सूचक नं.१२ : विशेष कोषहरूको स्थापना र सञ्चालन २१

सूचक नं.१३ : आयोजना सम्झौता तथा वजेट खर्च २२

सूचक नं १४ : आर्थिक कारोवारको गुणस्तर २२

सूचक नं. १५ : आर्थिक सहायता २३

सूचक नं १६ : लेखा परीक्षण र बेरुजु २४

सूचक नं १७ : बेरुजु फछ्र्यौट २४

सूचक नं १८ : खरीद व्यवस्थापन २५

सूचक नं १९ : धरौटी खाता संचालन २६

**कार्य क्षेत्र समूह नं ३ : बजेट निकासा, खर्च र कार्यक्रम कार्यान्वयन** २७

सूचक नं २० : बार्षिक बजेट विनियोजनको खर्च २७

सूचक नं २१ : लक्षित समूह विकास कार्यक्रमको खर्च २८

सूचक नं २२ : प्रशासनिक खर्च २८

सूचक नं २३ : कृषि तथा पशु विकास कार्यक्रम र बजेट २९

सूचक नं २४ : उपभोक्ता समिति गठन सम्वन्धी व्यवस्था ३०

सूचक नं २५ : खानेपानी तथा सरसफाई क्षेत्र व्यवस्थापन ३०

**कार्य क्षेत्र समूह नं ४ : अनुगमन मुल्यांकन, सञ्चार र पारदर्शिता** ३२

सूचक नं २६ : आयोजना सूचना पाटी (Project Information Board) ३२

सूचक नं २७ : Web-Site सम्वन्धी व्यवस्था ३३

सूचक नं २८ : सार्वजनिक सुनुवाई ३४

सूचक नं २९ : सामाजिक परीक्षण ३५

सूचक नं. : ३० उपभोक्ता समितिको रकम निकासा र सार्वजनिक परीक्षण (Public Audit) ३६

सूचक नं ३१ : लैंगिक उत्तरदायी बजेट ३६
सूचक नं ३२ : अनुगमन तथा मूल्यांकन र प्रतिवेदन ३७
सूचक नं ३३ : आयोजनाको जाँचपास तथा फरफारक ३८
सूचक नं ३४ : आयोजना तथा कार्यक्रमहरूको प्रभाव मूल्यांकन ३८
सूचक नं ३५ : सामाजिक सुरक्षा कार्यक्रम ३९
सूचक नं ३६ : व्यक्तिगत घटना दर्ता विवरणको अभिलेख व्यवस्थापन ४०
सूचक नं ३७ : जिल्ला गरिवी तथा विश्लेषण प्रणाली (DPMAS) सञ्चालन ४०
**कार्य क्षेत्र समूह नं ५ : संगठन ब्यवस्थापन र कार्य जिम्मेवारी ४१**
सूचक नं ३८ : संगठन विकास (OD) अध्ययन दण्ड र पुरस्कार ४१
सूचक नं ३९ : सम्पत्ति विवरण ४२
सूचक नं ४० : गाविसको न्यूसकास मापन ४२
सूचक नं ४१ : कर्मचारीहरूको बैठक ४३
सूचक नं ४२ : गुनासो सुन्ने अधिकारी र सोधपुछ कक्षको व्यवस्था ४४
सूचक नं ४३ : क्षमता विकास योजना ४४
सूचक नं ४४ : गा.वि.स.मा सामाजिक परिचालन ४५
सूचक नं ४५ : स्थानीय निकाय संयुक्त समिति ४६
सूचक नं ४६ : गैर सरकारी संस्था समन्वय र परिचालन ४६

**परिच्छेद–४ ४८**
**गुणस्तर परीक्षण ४८**

**परिच्छेद–५ ४९**
**मूल्याङ्कन तथा कार्यान्वयन ४९**

**परिच्छेद–६ ५४**
**नेपाल सरकारका केन्द्रिय निकायहरूको भूमिका ५४**

**परिच्छेद–७ ५६**
**आचार संहिता ५६**

**परिच्छेद–८ ५८**
**न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजा अनुसार थप पूंजीगत अनुदानको बाँडफाँड ५८**

# शब्दसार

| | |
|---|---|
| **आ.व.** | आर्थिक बर्ष |
| **आलेप** | आन्तरिक लेखा परीक्षण |
| **आप्रनि** | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ |
| **ऐन** | स्थानीय स्वायत्त शासन ऐन, २०५५ |
| **को.ले.नि.का.** | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| **गाविस** | गाउँ विकास समिति |
| **जिविस** | जिल्ला विकास समिति |
| **न्यूसकास** | न्यूनतम शर्त तथा कार्यसम्पादन मापन |
| **नपा** | नगरपालिका |
| **नियमावली** | स्थानीय स्वायत्त शासन नियमावली २०५६ |
| **स्थानिविआ** | स्थानीय निकाय वित्तीय आयोग |
| **DPMAS** | District Poverty Monitoring and Analysis System |
| **DTMP** | District transport Management Plan |
| **EMP** | Environment Management Plan |
| **MCs** | Minimum Conditions |
| **PMs** | Performance Measurements |
| **OD** | Organaizational Development |
| **ODF** | Open Defecation Free |

# परिच्छेद १
# प्रारम्भिक

## १. प्रस्तावना

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले जिल्ला विकास समितिलाई राजस्व अधिकार प्रदान गरेको र दफा २३६ बमोजिम नेपाल सरकारले अनुदान दिने व्यवस्था गरेको छ। स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ 'घ' मा न्यूनतम शर्त तथा कार्यसम्पादन सूचकको आधारमा स्थानीय निकायहरूको मूल्याङ्कन गरी स्थानीय निकायलाई दिइने वार्षिक अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायहरूलाई पुरस्कृत गर्न सक्ने व्यवस्था गरिएको छ। सो व्यवस्था कार्यान्वयन गर्न स्थानीय निकाय वित्तीय आयोगले जिल्ला विकास समितिका लागि यो न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि (परिमार्जन र संशोधन सहित) तर्जुमा गरी लागू गरेको छ।

## १.१ संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "जिल्ला विकास समितिको न्यूनतम् शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, (परिमार्जन र संशोधन सहित) २०६५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुने छ।

## १.२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन"भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनु पर्दछ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनु पर्दछ।

(ग) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनु पर्दछ।

(घ) "जिल्ला विकास समिति" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १७६ बमोजिम गठित जिल्ला विकास समिति सम्झनु पर्दछ।

(ङ) "नगरपालिका" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ८० बमोजिम गठित र ८८ बमोजिम वर्गीकरण गरिएको महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतलाई सम्झनु पर्दछ।

(च) "गाउँ विकास समिति" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४ बमोजिम गठित गाउँ विकास समिति सम्झनु पर्दछ।

(छ) "जिल्ला परिषद्" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १७२ बमोजिम गठित जिल्ला विकास समितिको को परिषद् सम्झनु पर्दछ।

(ज) "बोर्ड" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १७२ बमोजिम गठित जिल्ला विकास समिति (कार्यकारिणी) सम्झनु पर्दछ।

(झ) “आयोग” भन्नाले स्थानीय निकाय वित्तीय आयोगलाई सम्झनु पर्दछ।

(ञ) “मन्त्रालय” भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

(ट) “सचिवालय” भन्नाले स्थानीय निकाय वित्तीय आयोगको सचिवालयलाई बुझाउँदछ।

(ठ) “सचिव” भन्नाले मन्त्रालयका सचिव सम्झनु पर्दछ।

(ड) “सदस्य सचिव” भन्नाले स्थानीय निकाय वित्तीय आयोगको सदस्य सचिवलाई बुझाउँदछ।

(ढ) “स्थानीय विकास अधिकारी” भन्नाले जिल्ला विकास समितिको सचिव सम्झनु पर्दछ।

(ण) “आर्थिक वर्ष” भन्नाले श्रावण एक गतेबाट शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्दछ।

(त) “न्यूनतम शर्त” भन्नाले यस कार्यविधिको परिच्छेद २ मा उल्लेख भएबमोजिमका न्यूनतम शर्त मापनका सूचक र मापन विधि समेतलाई बुझाउँदछ।

(थ) “कार्यसम्पादन मापन” भन्नाले यस कार्यविधिको परिच्छेद ३ मा उल्लेख भएबमोजिमका कार्यसम्पादन मापनका सूचक र मापन विधि समेतलाई बुझाउँदछ।

(द) “स्रोत परिचालन कार्यविधि” भन्नाले स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ लाई बुझाउँछ।

(ध) “चालु आ.व.” भन्नाले मूल्यांकन गर्न टोली खटिएको आ.व.लाई जनाउँछ।

(न) “गत आ.व.” भन्नाले मूल्याकंन कार्य गरिने वर्ष (चालु आ.व.) भन्दा अघिल्लो आ.व.लाई जनाउँछ।

(प) “गत आ.व. भन्दा अघिल्लो आ.व.” भन्नाले चालु आ.व.भन्दा दुई वर्ष अघिल्लो आ.व.लाई जनाउँछ।

# परिच्छेद २
# न्यूनतम शर्तका सूचकहरू र मापन विधि

## २.१ न्यूनतम शर्त (Minimum Conditions) का सूचकहरू
न्यूनतम शर्तका देहाय वमोजिमका ९ वटा सूचकहरू रहेका छन। जिविसहरूले यी सवै सूचकहरू पूरा गर्नुपर्नेछ। कुनै एक मात्र सूचक पूरा नगरेमा कार्य सम्पादन मापनमा जतिसुकै अंक प्राप्त गरेतापनि न्यूनतम वाहेक थप पूँजिगत अनुदान रकम प्राप्त गर्न सक्ने छैनन्।

### न्यूनतम शर्तका सूचकहरू

| सूचक नं | सूचकको नाम |
|---|---|
| १ | वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति |
| २ | वार्षिक प्रगति समीक्षा |
| ३ | वार्षिक तथा चौमासिक प्रगती प्रतिवेदन |
| ४ | आन्तरिक लेखापरीक्षण र गाविसको अन्तिम लेखा परीक्षण |
| ५ | जिल्ला विकास कोषको खाता सञ्चालन |
| ६ | सूचना अभिलेख तथा व्यवस्थापन |
| ७ | अन्तिम लेखापरीक्षण र बेरुजुको अभिलेख |
| ८ | जिन्सी व्यवस्थापन |
| ९ | कर्मचारी व्यवस्थापन |

## २.२ न्यूनतम शर्तका सूचकहरूको व्याख्या र मापन विधि

## सूचक नं. १ वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति

### १.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
ऐनको दफा १८८, १९५, १९६, १९७, २०० तथा नियमावलीको नियम १९९ बमोजिम चालू आ.व. को कार्यक्रम र बजेट (वार्षिक जिल्ला विकास योजना) गत आ.व.को फागुन मसान्त भित्रै जिल्ला परिषद्ले स्वीकृत गरेको हुनुपर्दछ।

### १.२ मापन तालिका

| क्र.सं. | वार्षिक बजेट तथा कार्यक्रम स्वीकृतिको अवस्था | छ | छैन |
|---|---|---|---|
| १. | पूर्वयोजना तर्जुमा गोष्ठी गरी नपा तथा गाविसलाई वजेट सिलिङ्ग र मार्गदर्शन गत आ.व को मार्ग मसान्त भित्रै पठाएको[1] | | |
| २. | इलाका स्तरीय योजना तर्जुमा गोष्ठी, विषयगत योजना तर्जुमा समिति र एकिकृत योजना तर्जुमा समितिको वैठक गरी फागुन मसान्त भित्र जिल्ला परिषद्बाट वार्षिक कार्यक्रम र बजेट स्वीकृत भएको | | |
| ३. | भौतिक पुर्वाधार विकासका रु ५० लाख वा सो भन्दा वढि लागतका आयोजनाहरू परिषदवाट स्वीकृत हुनु अगावै सम्भाव्यता अध्ययन गरेको | | |
| ४. | जिल्ला परिषद्ले आयोजनागत, कार्यक्रमगत रुपमा बजेट विनियोजन गरेको | | |
| ५ | परिषद्बाट स्वीकृत वार्षिक कार्यक्रम र बजेटको विवरण तालुक विषयगत मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई चैत्र १० गते भित्र पठाएको | | |

### १.३ मापन विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ।

### १.४ पुष्ट्याईका स्रोत

- पूर्व योजना तर्जुमा गोष्ठी सम्वन्धमा पठाइएका पत्रहरू, प्रकाशित सूचनाहरू, गोष्ठीको उपस्थिति र निर्णय पुस्तिका।
- चालू आ.व. को योजना तर्जुमा सम्बन्धमा गा.वि.स. तथा नगरपालिकामा गत आ व मा पठाइएको बजेट सिलिङ्ग र मार्गदर्शन सम्वन्धी पत्र र कागजातहरू ।
- परिषद् बैठकको उपस्थिति र निर्णय पुस्तिका।
- योजना तथा कार्यक्रमहरूको आयोजनागत, कार्यक्रमगत रुपमा विनियोजन गरेको परिषदको निर्णय।
- स्वीकृत गरेको वार्षिक कार्यक्रम र बजेट पुस्तिका।
- स्वीकृत वार्षिक कार्यक्रम र बजेटको विवरण तालुक विषयगत मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई पठाएको विवरण र सो पत्रको प्रती।
- आयोजनाहरूको सम्भाव्यता अध्ययन प्रतिवेदन ।

*१ केन्द्रबाट वजेट सिलिङ्ग र मार्ग दर्शन प्राप्त नभएको अवस्थामा जि.वि.स. को आन्तरिक आयतर्फको बजेट सिलिङ्ग र मार्ग दर्शन पठाएको हुनुपर्ने छ ।*

## सूचक नं. २ : वार्षिक प्रगति समीक्षा

### २.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
ऐनको दफा २११ अनुसार गत भन्दा अघिल्लो आर्थिक वर्षको वार्षिक प्रगति समीक्षा गत आ.व.को पहिलो चौमासिक भित्र सबै सरोकारवालाहरूको उपस्थितिमा गरेको हुनुपर्ने छ।

### २.२ मापन तालिका

| क्र.सं. | वार्षिक प्रगति समीक्षाको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | वार्षिक प्रगति समिक्षाका लागि सबै सरोकारवालाहरूलाई आमन्त्रण गरेको[२] | | |
| २ | सरोकारवालाहरूको उपस्थितिमा गत आ.व.को पहिलो चौमासिक अवधि भित्र वार्षिक प्रगती समीक्षा सम्पन्न गरेको | | |
| ३ | समीक्षाको सारांश सम्पन्न भएको मितिले १५ दिन भित्र web site र सुचनापाटी मार्फत सार्वजनिक गरेको | | |
| ४ | समीक्षा प्रतिवेदन तयार गरी सम्पन्न भएको मितिले १ महिना भित्र मन्त्रालयमा पठाएको | | |

### २.३ मापन विधि
मापन तालिकाको सबै कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ।

### २.४ पुष्ट्याईका स्रोत
- समीक्षा गोष्ठीमा उपस्थितिका लागि आमन्त्रण गरिएका पत्रहरू।
- समिक्षा वैठकको निर्णय।
- समीक्षा प्रतिवेदन।
- सारांश सार्वजनिक गरेको प्रमाण।
- मन्त्रालयमा पठाएको पत्रको प्रति।

## सूचक नं. ३ : वार्षिक तथा चौमासिक प्रगति प्रतिवेदन

### ३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
आर्थिक प्रशासन नियमावलीको नियम, १९६ (४ र ५) र “स्रोत परिचालन कार्यविधि” मा उल्लेख भए बमोजिम गत

*२ सरोकारवालाहरू भन्नाले विषयगत कार्यलय, स्थानीय स्तरमा क्रियाशील राजनीतिक दल, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि, जिल्ला योजनामा समावेश भएका गैरसरकारी संस्थाहरू, उद्योग वाणिज्य संघ आदिलाई जनाउदछ।*

आ.व. को चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदनहरू तोकिएको मिति भित्र मन्त्रालयमा पठाएको हुनुपर्नेछ।

### ३.२ मापन तालिका

| क्र.सं. | वार्षिक तथा चौमासिक प्रगति प्रतिवेदन पठाएको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | जिल्ला विकास कोषको गत आ.व.को वार्षिक आर्थिक विवरण चालु आ.व. शुरु भएको ३५ दिन भित्र मन्त्रालय र को.ले.नि.का मा पठाएको | | |
| २ | प्रथम चौमासिक प्रगति गत आ.व. को मार्ग ७ गते भित्र मन्त्रालयमा पठाएको | | |
| ३ | दोश्रो चौमासिक प्रगति गत आ.व. को चैत्र ७ गते भित्र मन्त्रालयमा पठाएको | | |
| ४ | तेस्रो चौमासिक तथा वार्षिक प्रगति चालु आ.व. को श्रावण १५ गते भित्र मन्त्रालयमा पठाएको | | |

**नोटः प्रगति प्रतिवेदन प्राप्त भए नभएको सम्वन्धमा मन्त्रालयको सम्वन्धित शाखावाट रूजु गर्न सकिने छ।**

### ३.३ मापन विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ।

### ३.४ पुष्ट्याईको स्रोत

- उल्लेखित प्रतिवेदनहरू पठाएको पत्र, प्रतिवेदन, वित्तीय तथा भौतिक प्रगति विवरणको कार्यालय प्रतिको अध्ययन।
- हुलाक, कुरियर, व्यक्तिगत वा अन्य माध्यमबाट पठाइएको भए सोको भरपाई वा रसिद।

## सूचक नं. ४ ः आन्तरिक लेखापरीक्षण र गाविसको अन्तिम लेखा परीक्षण

### ४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ६९ र दफा २३२ बमोजिम र आर्थिक प्रशासन नियमावलीको नियम ५७ र ५८ अनुसार आलेप शाखाको गठन भई कार्य सञ्चालन भएको हुनुपर्नेछ। साथै गाविसहरूको अन्तिम लेखापरीक्षणको लागि आप्र नियम

५९ मा उल्लेख भए बमोजिम हुनुपर्नेछ।

### ४.२ मापन तालिका

| क्र.सं. | आन्तरिक लेखापरीक्षण तथा गाविसको अन्तिम लेखा परीक्षणको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | आन्तरिक लेखा परीक्षण शाखा क्रियाशिल भई जिविसको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा गर्ने गरेको | | |
| २ | जिल्ला भित्रका गाविसहरूको गत आ.व. भन्दा अघिल्लो आ.व. को आन्तरिक लेखापरीक्षण गत आ.व. को पहिलो चौमासिक भित्र गरिसकेको | | |
| ३ | जिविस र गाविसको आन्तरिक लेखा परीक्षण प्रतिवेदन कार्य सम्पन्न गरेको पन्ध्र दिनभित्र स्थानीय विकास अधिकारी समक्ष पेश गरेको | | |
| ४ | गाविसहरूको गत आ.व. भन्दा अघिल्लो आ.व. को अन्तिम लेखापरीक्षण सम्पन्न गर्न गत आ.व. को पहिलो ६ महिना भित्र लेखापरीक्षक नियुक्त गरिसकेको | | |

***नोटः तर गाउँ विकास समितिले अन्तिम लेखापरीक्षण गर्न लेखापरीक्षकको नाम समयमा सिफारिश गरी नपठाएको कारणले लेखापरीक्षक नियुक्त हुन नसकेको भएमा माथि तालिकाको क्र.सं नं ४ को छ मा ठिक चिन्ह लाग्ने छ ।***

### ४.३ मापन विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ।

### ४.४ पुष्ट्याईको आधार

- आन्तरिक लेखा परीक्षण शाखा स्थापना र कर्मचारीको स्थायी नियुक्ति वा आलेप शाखाको प्रमुख भई कार्य गर्ने जिम्मेवारी तोकेको विवरण ।
- जिविस र स्थानीय विकास अधिकारी समक्ष पेश गरेको आ.ले.प. प्रतिवेदन ।
- लेखापरीक्षक नियुक्त सम्वन्धि विवरण ।

## सूचक नं. ५ : जिल्ला विकास कोषको खाता सञ्चालन

### ५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमावलीको नियम ४३ र ४४ बमोजिम गैर कार्य संचालन खाता (Non-operating Account) बाट संचालन खाता (Operating Account) मा निकासा दिंदा परिषद बाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुरुप गरेको हुनुपर्ने छ।

### ५.२ मापन तालिका

| क्र.सं. | जिल्ला विकास समिति कोषको खाता सञ्चालन अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | जिल्ला विकास समितिमा प्राप्त भएको सवै रकम गैर कार्य संचालन खाता (Non-operating Account) (ग४) मा जम्मा गरेको | | |
| २ | जिल्ला परिषदवाट स्वीकृत कार्यक्रम अनुसार संचालन खाता (Operating Account) (ग२) मा निकासा दिई खर्च गरेको | | |
| ३ | आर्थिक वर्षको अन्तमा संचालन खाता (Operating Account) सून्य गरेको | | |
| ४ | आर्थिक वर्षको अन्तमा फ्रिज गर्नुपर्ने सवै रकम फ्रिज गरेको | | |

***नोटः फ्रिज गर्नुपर्ने रकम भन्नाले नेपाल सरकारवाट निकासा भई जाने शशर्त र निःशर्त अनुदानलाई वुझाउँछ ।***

### ५.३ मापन विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ।

### ५.४ पुष्ट्याईको आधार

- जिल्ला विकास योजना (वार्षिक बजेट कार्यक्रम) पुस्तिका, जिल्ला परिषद्को माइन्यूट, निकासा सम्बन्धी चिट्ठी पत्रहरू र सो अ.व को अन्तमा रहेको खाताको स्थिति।
- फ्रिज गर्नुपर्ने रकम फ्रिज गरेको प्रमाण।

## सूचक नं. ६ ः सूचना अभिलेख तथा व्यवस्थापन

### ६.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा २१२ र सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ६ तथा नियमावलीको नियम ३ मा भएको व्यवस्था बमोजिम सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी ऐनद्वारा तोकिएका दस्तावेजहरू राखेको हुनुपर्दछ।

### ६.२ मापन तालिका

| क्र.सं. | सूचना अभिलेख तथा व्यवस्थापन | छ | छैन |
|---|---|---|---|
| १ | सूचना तथा अभिलेख केन्द्रको स्थापना गरेको | | |
| २ | सूचनाको हक सम्वन्धी ऐन बमोजिम सूचना अधिकारी तोकिएको | | |

| | | | |
|---|---|---|---|
| ३ | सूचना अधिकारी मार्फत सूचना उपलब्ध गराउने व्यवस्था गरिएको | | |
| ४ | पछिल्ला दुई आ.व. को वार्षिक जिल्ला विकास योजना, समिक्षा प्रतिवेदन, वार्षिक लेखा परीक्षण प्रतिवेदन (आलेप मलेप दुवै) दर्ता गरी व्यवस्थित रुपले सूचना तथा अभिलेख केन्द्रमा राखिएको | | |
| ५ | Web site संचालनमा ल्याई अद्यावधिक गर्ने गरेको | | |

### ६.३ मापन विधि
मापन तालिकाको सवै कोष्ठको "छ" मा ठिक (√) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ।

### ६.४ पुष्ट्याईको आधार
- सूचना तथा अभिलेख केन्द्रमा रहेका सम्वन्धित प्रतिवेदनहरू।
- सूचना अधिकारी तोकिएको आधिकारिक पत्र र कार्यविवरण ।
- सूचना उपलब्ध गराउने विधि।
- Web site संचालन गरी अद्यावधिकको व्यवस्था।

## सूचक नं. ७ ः अन्तिम लेखापरीक्षण र बेरुजुको अभिलेख

### ७.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
आर्थिक प्रशासन नियमावलीको नियम २०३ र २०५ वमोजिम अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ। साथै बेरुजु अभिलेख खाता नियम ६० अनुसूची ७५ बमोजिम राखिएको हुनुपर्दछ।

### ७.२ मापन तालिका

| क्र.सं. | अन्तिम लेखापरीक्षण र बेरूजुको अभिलेखकको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | गत आ.व. भन्दा अधिल्लो आ.व. को लेखा र आर्थिक विवरण पेश गरी अन्तिम लेखापरिक्षण गराएको | | |
| २ | अन्तिम लेखा परीक्षण प्रतिवेदन परिषद्मा प्रस्तुत भई छलफल तथा निर्णय गराएको | | |
| ३ | अन्तिम ले.प. प्रतिवेदनमा औंल्याएका विषयहरू (सबै कार्यक्रम/आयोजना कोष अनुदान समेतको बेरुजु) उपर प्रतिवेदन प्राप्त भएको ३५ दिनभित्र प्रतिकृया पठाएको | | |
| ४ | बेरुजुको अद्यावधिक विवरण आर्थिक प्रशासन नियमावलीको नियम ६० अनुसूची ७५ बमोजिम अद्यावधिक गरी राखेको | | |

### ७.३ मापन विधि

मापन तालिकाको सबै कोष्ठको "छ" मा ठिक (√) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ।

### ७.४ पुष्ट्याईको आधार

- आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९६ बमोजिम तयार गरी मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाइएको वार्षिक आय व्ययको विवरण।
- अनुसूची ७५ बमोजिमको ढाँचामा बेरुजुको अद्यावधिक विवरण।
- म.ले.प. प्रतिवेदन उपर प्रतिक्रिया पठाइएको पत्रको प्रतिलिपि।
- जिल्ला परिषद्को निर्णय।

## सूचक नं. ८ : जिन्सी व्यवस्थापन

### ८.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमावलीको परिच्छेद १० को नियम २१२ अनुसार जिन्सी व्यवस्थापन र नियम २१४ (१) बमोजिम जिन्सी निरीक्षण गराई उपनियम (२), (३) र (४) बमोजिम प्रतिवेदन प्राप्त गरी उक्त परिच्छेद बमोजिम कारवाही गरेको हुनुपर्छ।

### ८.२ मापन तालिका

| क्र.सं. | जिन्सी व्यवस्थापनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | गत आ व सम्म आफ्नो हकभोगमा रहेको खर्च भएर जाने र खप्ने सामानको छुट्टाछुट्टै जिन्सी किताबमा आम्दानी बाँधी राखेको | | |
| २ | गत आ.व.मा जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको | | |
| ३ | सम्पन्न जिन्सी निरीक्षण प्रतिवेदनमा निम्न कुराहरू उल्लेख भएको | | |
| | • जिन्सी किताबमा आम्दानी नबाँधिएका सामानहरू भए सोको विवरण | | |
| | • मालसामान संरक्षण र संभार व्यवस्थाको अवस्था उल्लेख | | |
| | • मर्मत गर्नु पर्ने र लिलाम गर्नु पर्ने भए सो सामानको विवरण | | |
| ४ | प्रतिवेदनमा उल्लेख भए वमोजिम मर्मत सम्भार वा लिलाम विक्री गर्नुपर्नेमा गरेको र आम्दानी वाँध्न छुट भएको सामान भए आम्दानी वाँधेको | | |

### ८.३ मापन विधि
मापन तालिकाको सवै कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ।

### ८.४ पुष्ट्याइको स्रोत
- गत आ.व. मा सम्पन्न जिन्सी निरीक्षण प्रतिवेदन।
- जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा गत आ.व. मा भएका कार्यवाही तथा निर्णयहरू।

## सूचक नं. ९ : कर्मचारी व्यवस्थापन

### ९.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
ऐनको दफा २४९ बमोजिम आफुलाई आवस्यक पर्ने कर्मचारीको दरवन्दी कार्यबोझको आधारमा गर्नुपर्ने कार्यहरूको पूर्ण विवरण तयार गरी परिषदबाट स्वीकृत गराउनु पर्ने छ। परिषदले कर्मचारीको लागि चाहिने तलब भत्ता, सञ्चय कोष कट्टी रकम, उपदान तथा निवृत्तभरण आदिको लागि लाग्ने खर्चको व्यवस्था समेत गर्नुपर्नेछ। साथै आयोजनाको लागि थप कर्मचारीको व्यवस्था गर्दा ऐनको दफा २५१ को व्यवस्था पालना भएको हुनपर्नेछ र नियमको २१५ बमोजिम पदपुर्ति समितिले सिफारीस गरेको व्यक्तिलाई नियम २१६ बमोजिम नियुक्त गरेको हुनुपर्ने छ।

### ९.२ मापन तालिका

| क्र.सं. | कर्मचारी व्यवस्थापन | छ | छैन |
|---|---|---|---|
| १ | ऐनको दफा २४९ बमोजिमको प्रक्रिया पूरा गरि परिषदबाट दरबन्दी स्वीकृत भएको | | |
| २ | आयोजनाको हकमा ऐनको दफा २५१ को पालना भएको | | |
| ३ | स्वीकृत दरवन्दीमा प्रशासनिक खर्चको सीमा ननाघ्ने गरि पदपुर्ति समितिको सिफारीसमा नियुक्ति गरेको | | |
| ४ | लोक सेवा आयोगको प्रतिनिधि सहितको उपस्थितिमा पदपूर्ति सम्बन्धी निर्णय गरेको | | |
| ५ | स्वीकृत स्थायी दरबन्दी भन्दा बढि कर्मचारी नियुक्ति नगरेको | | |
| ६ | स्वीकृत स्थायी दरवन्दीमा अस्थायी नियुक्ति नगरेको। | | |

***नोटः गत आ.व.मा कर्मचारीको दरवन्दी सृजना तथा पदपूर्ति सम्वन्धि कार्यवाही गर्दा उल्लेखित प्रावधानहरुको पालना भएको हुनुपर्नेछ।***

### ९.३ मापन विधि
मापन तालिकाको सवै कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा सूचक पुरा भएको मानिने छ।

# परिच्छेद ३
# कार्यसम्पादन मापनका सूचकहरू, अंक भार र मापन विधि

## ३.१ कार्य सम्पादन मापन (Performance Mesures: PMs) को कार्यक्षेत्र र सूचकहरू

जिविसको कार्य सम्पादन मापनका लागि ५ वटा कार्य क्षेत्र अन्तर्गत ४६ वटा सूचकहरू राखिएका छन् जसको कूल अंक भार एक सय (१००) रहेको छ। हरेक सूचक लाई तिनको महत्व र प्रकृती अनुसार ४, ३, २ र १ अंक प्रदान गरिएको छ। प्रत्येक कार्यक्षेत्रमा न्यूनतम ४० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ। सो न्यूनतम अंक प्राप्त गर्न नसक्ने जिविसको थप पूंजीगत अनुदान २० प्रतिशतले कटौती हुनेछ। प्रत्येक कार्य क्षेत्र अन्तर्गतका सूचकहरूको संख्या, अंक भार तथा प्राप्त गर्नुपर्ने न्यूनतम अंक देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ : कार्य सम्पादन मापनका कार्यक्षेत्र, सूचक संख्या, कुल अंक भार र प्राप्त गर्नुपर्ने न्यूनतम अङ्क**

| कार्यक्षेत्र नं | कार्य क्षेत्रको नाम | जम्मा सूचक संख्या | कुल अंक भार | प्राप्त गर्नुपर्ने न्यूनतम अङ्क |
|---|---|---|---|---|
| १ | योजना तथा बजेट व्यवस्थापन | ८ | १६ | ७ |
| २ | स्रोत परिचालन तथा वित्तीय व्यवस्थापन | ११ | २५ | १० |
| ३ | बजेट निकासा, खर्च र कार्यक्रम कार्यान्वयन | ६ | १६ | ६ |
| ४ | अनुगमन मुल्यांकन, सञ्चार र पारदर्शिता | १२ | २६ | १० |
| ५ | संगठन व्यवस्थापन र कार्य जिम्मेवारी | ९ | १७ | ७ |
| जम्मा | | ४६ | १०० | ४० |

## ३.२ कार्य सम्पादन मापनका सूचकहरूको व्याख्या र मापन विधि

कार्यक्षेत्रगत सूचकको व्याख्या र मापन विधी देहाय वमोजिम रहेको छ।

## कार्य क्षेत्र समूह नं. १ : योजना तथा बजेट व्यवस्थापन

| सूचक नं. | सूचकको नाम | अंक | समूहको कूल अंक | प्राप्त गर्नुपर्ने न्यूनतम अंक |
|---|---|---|---|---|
| १ | आयोजना प्राथमिकिकरण र छनौटका आधार | ३ | १६ | ६ |
| २ | आयोजनाको लागत अनुमान र बजेट विनियोजन | २ | | |
| ३ | आयोजनाहरूको मर्मत सम्भार | २ | | |
| ४ | आवद्यिक जिल्ला विकास योजना | १ | | |
| ५ | जिल्ला यातायात गुरु योजना (DTMP) र सो को कार्यान्वयन | २ | | |
| ६ | उर्जा र वातावरण व्यवस्थापन | २ | | |
| ७ | बहुपक्षीय जिम्मेवारीका क्षेत्रको सहभागितामुलक योजना (Cross Cutting Sectors) | २ | | |
| ८ | लक्षित समूह विकास कार्यक्रम | २ | | |

## सूचक नं. १ : आयोजना प्राथमिकिकरण र छनौटका आधार

### १.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा १९९, २०१ र २०२ तथा नियमावलीको नियम १९७, १९८ र १९९ वमोजिम आयोजना छनौट र प्राथमिकिकरणका आधारहरू तयार गरी सो अनुसार निर्धारित सूचकहरूका आधारमा आयोजना छनौट गर्नुपर्नेछ। यसरी स्वीकृत भएको आयोजना छनौटका आधार तथा सूचकहरूको सम्वन्धमा पौष पहिलो हप्ता भित्र जिल्लावासीलाई जानकारी गराएको हुनुपर्दछ।

### १.२ मापन तालिका

| क्र.सं | आयोजनाको प्राथमिकरण र छनौटको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | आयोजना छनौटका आधार तयार गरी पौषको पहिलो हप्ता भित्र Web site, सुचनापाटी र अन्य माध्यमवाट सार्वजनिक गरेको | | |
| २ | आयोजना छनौटका स्वीकृत आधार र सूचकहरू वमोजिम आयोजना प्राथमिकिकरण गरेको | | |
| ३ | प्राथमिकतामा परेका आयोजनाहरू छनौट गरेको | | |
| ४ | भौतिक पुर्वाधार विकास आयोजनाको रु. पाच लाख भन्दा कम लागतको आयोजना आफैले संचालन नगरेको | | |

### १.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा ३ अंक, कुनै तीन कोष्ठको छ मा ठिक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### १.४ पुष्ट्याइका स्रोत
आयोजना छनौटका आधार, सूचक तथा भारहरू तोकेको निर्णय, आयोजना छनौटका आधार र सूचकहरू सार्वजनिक गरिएको प्रमाण, चालु आ.व. को वार्षिक जिल्ला विकास योजना।

## सूचक नं २ : आयोजनाको लागत अनुमान र बजेट विनियोजन

### २.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
योजना तर्जुमाको प्रक्रियामा कार्यक्रम र बजेट विच तादात्म्यता हुनु पर्छ। आयोजनाहरूबारे निर्णय हुँदा आयोजनाको लागत, बजेटको स्थिति जस्ता पक्षहरूलाई पर्याप्त विचार पुऱ्याइएको हुनुपर्दछ। श्रोत परिचालन कार्यविधि अनुसार रु ५ लाख वा सोभन्दा बढी लागतकाभौतिक पूर्वाधार विकासका आयोजनाहरूको विस्तृत लागत अनुमान (detailed cost estimate) तयार गरी सोही अनुरुप बजेट विनियोजनको व्यवस्था गरेको हुनुपर्ने छ।

### २.२ मापन तालिका

| क्र.सं | लागत अनुमान र बजेट विनियोजनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | ५ लाख वा सो भन्दा बढी लागतका सबै आयोजनाहरूको लागत अनुमान तयार गरी सोही बमोजिम बजेट विनियोजन गरेको। | | |
| २ | ५ लाख वा सो भन्दा बढी लागतका ७५ प्रतिशत आयोजनाहरूको लागत अनुमान तयार गरी सोही बमोजिम बजेट विनियोजन गरेको | | |
| ३ | बहुवर्षिय आयोजनाको लागि आयोजनाको कुल लागत अनुमान तयार गरी सो अनुरुप चालु आ.व.का लागि बजेट विनियोजन गरेको | | |

### २.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको पहिलो र तेस्रो कोष्ठको "छ" मा ठिक (√) चिन्ह लागेमा २ अंक, दोस्रो र तेस्रो कोष्ठको "छ" मा ठिक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### २.४ पुष्ट्याइका स्रोतहरू
चालु आ.व. का लागि गत आ.व.को जिल्ला परिषद्ले स्वीकृत गरेका रु. ५ लाख वा सोभन्दा बढी लागतका आयोजनाको विवरण, वार्षिक जिल्ला विकास योजना।

## सूचक नं. ३ : आयोजनाहरूको मर्मत संभार

### ३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
ऐनको दफा २१४ बमोजिम सम्पन्न आयोजनाहरूको सञ्चालनका लागि सम्वन्धित निकाय वा उपभोक्ता समूहलाई

हस्तान्तरण गरी सञ्चालन तथा मर्मत सम्भार गराउनु पर्नेछ। साथै आ.प्र. नियमावली २०६४ को नियम ५४ बमोजिम मर्मत सम्भार विशेष कोष खडा गरी रकम निकासा गरिएको हुनुपर्दछ।

### ३.२ मापन तालिका

| क्र.सं | आयोजनाहरुको मर्मत सम्भारको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सम्पन्न पूर्वाधारका आयोजनाहरूको संचालनको अवस्था समेत खुल्नेगरि अद्यावधिक लगत (Inventory) खडा गरी राखिएको | | |
| २ | मर्मत संभार विशेष कोषको स्थापना गरी आन्तरिक आयको कम्तीमा ३ प्रतिशत रकम निकाशा भएको | | |
| ३ | मर्मत सम्भारको लागि उपभोक्तासंग सेवा शुल्क लिने गरेको | | |
| ४ | मर्मत सम्भार कोषबाट कार्यक्रम तर्जुमा गरी आयोजनाको मर्मत संभार गरेको | | |

### ३.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोष्ठको "छ" मा ठिक (√) चिन्ह लागेमा २ अंक, कुनै तीन कोष्ठको "छ" मा ठिक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ३.४ पुष्ट्याइका स्रोतहरू

सम्पन्न पूर्वाधारका आयोजनाहरूको अद्यावधिक लगत (Inventory), मर्मत संभार विशेष कोष स्थापना सम्वन्धी निर्णय र खाताको अभिलेख, सेवा शुल्क सम्वन्धी लगाउने गरेको निर्णय र आर्थिक विवरण।

## सूचक नं. ४ ः आवधिक जिल्ला विकास योजना

### ४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा १९५  वमोजिम आवधिक जिल्ला विकास योजना तयार भएको र त्यसको आधारमा वार्षिक जिल्ला विकास योजना तर्जुमा गरेको हुनुपर्दछ।

### ४.२  मापन तालिका

| क्र.सं | आवधिक जिल्ला विकास योजना | छ | छैन |
|---|---|---|---|
| १ | आवधिक जिल्ला विकास योजना तर्जुमा भएको | | |
| २ | आवधिक जिल्ला विकास योजनाको लक्ष्य, उद्देश्य र सूचकहरूको आधारमा चालु आ.व.को वार्षिक जिल्ला विकास योजना तर्जुमा गरेको | | |

### ४.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको  सबै कोष्ठको छ मा ठिक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ४.४ पुष्ट्याइका स्रोत
आवधिक जिल्ला विकास योजना र वार्षिक जिल्ला विकास योजना।

## सूचक नं. ५ : जिल्ला यातायात गुरु योजना (DTMP) र सो को कार्यान्वयन

### ५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
सडक, पुल तथा ग्रामिण सडक आयोजनाहरू जिल्ला यातायात गुरुयोजना (DTMP) बाट छनौट गरी कार्यन्वयन गरिएको हुनुपर्दछ।

### ५.२ मापन तालिका

| क्र.सं | जिल्ला यातायात गुरुयोजना कार्यान्वयनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | चालु अवधि समेटिएको जिल्ला यातायात गुरु योजना (DTMP) स्वीकृत भएको | | |
| २ | जिविसको कार्यक्षेत्र भित्रका सडक, पुल तथा ग्रामिण सडक आयोजनाहरू जिल्ला यातायात गुरुयोजना (DTMP) बाट छनौट भएको | | |

### ५.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको सबै कोष्ठको छ मा ठिक (√) चिन्ह लागेमा २ अंक, कुनै एक कोष्ठको छ मा ठिक (√) चिन्ह लागेमा १ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ५.४ पुष्ट्याइका स्रोत
DTMP र वार्षिक जिल्ला विकास योजना।

## सूचक नं. ६ : उर्जा र वातावरण व्यवस्थापन

### ६ .१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
ऐनको दफा १८९ (१) को (ग) र (छ) मा भएको व्यवस्था अनुरुप जिल्ला विकास योजनामा जल बिद्युत, वन तथा वातावरण क्षेत्रको विकासको लागि  कार्यक्रम र वजेट विनियोजन गरि खर्च गरेको हुनुपर्दछ।

### ६.२ मापन तालिका

| क्र.सं | उर्जा र वातावरण व्यवस्थापन सम्वन्धी अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | पूर्वाधारका आयोजनाहरूमा वातावरणीय व्यवस्थापन योजना (EMP) तयार गरेको | | |
| २ | जल बिद्युत् र उर्जा विकासका क्षेत्रमा आयोजना तर्जुमा गरी कार्यान्वयन गरेको | | |
| ३ | जलवायु परिवर्तनका प्रभाव न्यूनिकरण गर्न स्थानीय अनुकुलनको कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको | | |
| ४ | ठुला मेशिनरी तथा उपकरण सञ्चालन सम्वन्धी जिल्लास्तरीय नीति स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | | |

***नोट : "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्यधिक हानी पुऱ्याउने प्रकृतिका उपकरण (बुलडोजर, एक्साभेटर, रोलर, लोडर आदि) जस्ता श्रमलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनुपर्छ ।***

### ६.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको कुनै तीनवटा कोष्ठको छ मा ठिक (√) चिन्ह लागेमा २ अंक, कुनै दुई वटा कोष्ठमा छ मा ठिक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा शून्य अंक प्रदान गर्ने।

### ६.४ पुष्ट्याइका स्रोत

जिल्ला विकास योजना, वातावरणीय व्यवस्थापन योजना र ठुला मेशिनरी तथा उपकरण सञ्चालन सम्वन्धी जिल्ला स्तरीय नीति ।

## सूचक नं ७ : बहुपक्षीय जिम्मेवारीका क्षेत्रको सहभागितामुलक योजना कार्यान्वयन (Cross Cutting Sectors)

### ७.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

वातावरण संरक्षण, विपद जोखिम व्यवस्थापन र वालमैत्री शासन जस्ता वहुपक्षीय जिम्मेवारीका विषय (आयोजना) हरूलाई सहभागितामुलक योजना तर्जुमा प्रक्रिया संग आवद्ध गराई परिषद्बाट निर्णय गराएको हुनुपर्दछ।

### ७.२ मापन तालिका

| क्र.स | बहुपक्षीय क्षेत्रको सहभागितामुलक योजनाको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | वातावरण संरक्षण, विपद जोखिम व्यवस्थापन र वालमैत्री शासन विषयमा जिल्ला विकास समितिले नीति तय गरेको | | |
| २ | नीति कार्यान्वयनका लागि योजना तथा कार्यक्रम तर्जुमा गरि जिल्ला विकास योजनामा वजेट विनियोजन गरी खर्च गरेको | | |

### ७.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ७.४ पुष्ट्याइको स्रोत
जिल्ला विकास समितिले मापन तालिकामा उल्लेखितसवै क्षेत्रको विकासका लागि तय गरेको नीति र वार्षिक प्रगती प्रतिवेदन।

## सूचक नं. ८ ः लक्षित समूह विकास कार्यक्रम

### ८.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
स्रोत परिचालन कार्यविधिमा तोकिए बमोजिमको न्यूनतम रकम आयोजनागत र कार्यक्रमगत रुपमा लक्षित वर्गका हितका लागि विनियोजन भएको हुनुपर्दछ।

### ८.२ मापन तालिका

| क्र.स | लक्षित समूह विकास कार्यक्रमको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | लक्षित समूह विकास कार्यक्रम तर्जुमाका लागि समग्र जिल्लाको प्राथमिकीकरणका आधारहरू निर्धारण गरेको | | |
| २ | सहभागितामुलक योजना तर्जुमा प्रक्रियाबाट प्राथमिकीकरणका आधारमा छनोट भई आएका आयोजना छनोट भएको | | |
| ३ | स्रोत परिचालन कार्यविधिमा तोकिए अनुसार लक्षित समुह विकासका लागि चालु आ.व.मा न्यूनतम वजेट विनियोजन गरेको | | |

### ८.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको सवै कोष्ठको छ मा ठीक (√) चिन्ह लागेमा २ अंक, तेश्रो सहित कुनै दुई कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ८.४ पुष्ट्याइको स्रोत
जिल्ला विकास योजना, वोर्डको निर्णय पुस्तिका, सहभागितामुलक योजना तर्जुमा प्रक्रियाबाट छनोट भई आएका योजनाहरूको विवरण।

## कार्य क्षेत्र समूह नं. २ : स्रोत परिचालन तथा वित्तीय व्यवस्थापन

| सूचक नं. | सूचकको नाम | अंक | समूहको कूल अंक | प्राप्त गर्नुपर्ने न्यूनतम अंक |
|---|---|---|---|---|
| ९ | स्रोत अनुमान | २ | २५ | १० |
| १० | आन्तरिक आयको प्रक्षेपण र संकलन | ४ | | |
| ११ | आन्तरिक आयको  बाँडफाँड | २ | | |
| १२ | विशेष कोषहरूको स्थापना र सञ्चालन | १ | | |
| १३ | आयोजना सम्झौता तथा बजेट खर्च | ३ | | |
| १४ | आर्थिक कारोबारको गुणस्तर | २ | | |
| १५ | आर्थिक सहायता | १ | | |
| १६ | लेखापरीक्षण र बेरुजु | ३ | | |
| १७ | बेरुजु फछर्यौट | ३ | | |
| १८ | खरीद व्यवस्थापन | ३ | | |
| १९ | धरौटी खाता सञ्चालन | १ | | |

## सुचक नं. ९ : स्रोत अनुमान

### ९.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व ऐनको दफा १९६ बमोजिम जिविसमा प्राप्त हुने सम्पूर्ण स्रोत र साधनको अनुमान गर्नुपर्ने छ ।

### ९.२ मापन तालिका

| क्र.स | श्रोत अनुमान | छ | छैन |
|---|---|---|---|
| १ | वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व सम्पूर्ण स्रोत र साधनको अनुमान गरेको | | |

### ९.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको  छ मा ठीक (√) चिन्ह लागेमा २ अंक  र अन्य अवस्थामा ० अंक प्रदान गर्ने ।

### ९.४ पुष्ट्याइको स्रोत
स्रोत साधन अध्ययन प्रतिवेदन र जिल्ला विकास योजना ।

## सूचक नं. १० : आन्तरिक आयको प्रक्षेपण र संकलन

### १०.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा २१५, २१६, २१७ र २१८ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक आयको अनुमान गर्नु पर्ने छ। अनुमान गरिएको आन्तरिक आयको आधारमा यथार्थ आन्तरिक आयको संकलन समेत गरेको हुनुपर्दछ।

### १०.२ मापन तालिका

| क्र.स | आन्तरिक आयको संकलनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | प्रत्येक आ.व.मा आन्तरिक आयको प्रक्षेपण गर्ने गरेको | | |
| २ | गत भन्दा अधिल्लो आ.व.को तुलनामा गत आ.व.मा २० प्रतिशत भन्दा वढि आन्तरिक आय संकलन गरेको | | |
| ३ | गत भन्दा अधिल्लो आ.व.को तुलनामा गत आ.व.मा १० प्रतिशत देखि २० प्रतिशत सम्म आन्तरिक आय वढाएको | | |

***नोट : यस प्रयोजनका लागि आन्तरिक आयमा राजस्व बाँडफाँड, दानदातव्य, ऋण र अनुदानबाट प्राप्त रकम समावेश हुने छैन।***

### १०.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो र दोस्रो कोष्ठको छ मा ठीक (√) चिन्ह लागेमा ४ अंक, पहिलो र तेस्रो कोष्ठको छ मा ठीक (√) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### १०.४ पुष्ट्याइका स्रोत

आन्तरिक आयको संभाव्यता अध्ययन प्रतिवेदन एवं वार्षिक जिल्ला विकास योजना र वार्षिक आर्थिक विवरण।

## सूचक नं ११ : आन्तरिक आयको बाँडफाँड

### ११.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा २१५ को उपदफा (३) र दफा २१८ बमोजिम कर र विक्रीवाट प्राप्त आयको ३५ देखि ५० प्रतिशत रकम सम्बन्धित नगरपालिका र गाविसहरूलाई बाँडफाँड गरेको हुनुपर्दछ।

### ११.२ मापन तालिका

| क्र.सं | आन्तरिक आय बांडफांडको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | वांडफांड गर्नुपर्ने आन्तरिक आयका स्रोतहरूको लगत गाविस र नपा खुल्ने गरी राखेको | | |
| २ | आन्तरिक आयको बांडफांड गर्नुपर्ने रकमको ३५ देखि ५० प्रतिशत सम्म सम्वन्धित गाविस/नपालाई बांडफांड गरेको | | |
| ३ | वांडफांड भएको रकम मध्ये सवै रकम सोहि आ.व.मा निकासा गरेको | | |

***नोटः गत भन्दा अघिल्लो आ.व. मा प्राप्त आय मध्ये गत आ.व. मा बाँडफाँड गरेको रकमलाई आधार मानिनेछ।***

### ११.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ११.४ पुष्ट्याइको स्रोत

जिल्ला विकास समितिको वार्षिक बजेट र कार्यक्रम, नगरपालिका र गाविसलाई नियमानुसार बांडफांड बापत निकासा दिइएको रकमको विवरण

## सूचक नं. १२ : विशेष कोषहरूको स्थापना र सञ्चालन

### १२.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५४ अनुसार विशेष कोषको स्थापना भएको हुनुपर्ने र त्यस्ता कोषमा बजेट विनियोजन गरेको हुनुपर्नेछ।

### १२.२ मापन तालिका

| क्र.स | विशेष कोषको स्थापना र सञ्चालनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सवै विशेष कोष स्थापना गरि वजेट विनियोजन गरेको | | |
| ३ | सो कोषवाट सम्वन्धित क्षेत्रको विकासको लागि कार्यक्रम संन्चालन गरेको | | |

### १२.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोष्ठको छ मा ठीक (√) चिन्ह लागेमा १ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### १२.४ पुष्ट्याइका स्रोत

जिल्ला विकास योजना, परिषदबाट अनुमोदन भएका निर्णयहरू तथा मापदण्ड वा निर्देशिकाहरूको दस्तावेज।

## सूचक नं. १३ : आयोजना सम्झौता तथा वजेट खर्च

### १३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक वर्षको वैशाख देखि असार सम्म वार्षिक विनियोजित पुजींगत वजेटको ४० प्रतिशत भन्दा वढि र असार महिनामा मात्र वार्षिक विनियोजनको २० प्रतिशत भन्दा वढी खर्च गर्न पाईने छैन। जिविसले वैशाख मसान्तपछि कुनै पनि नयाँ कार्यक्रम/आयोजनामा रकम वाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम/आयोजना कार्यन्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन पाउने छैन।

### १३.२ मापन तालिका

| क्र.स | वजेट निकासा र योजना कार्यन्वयनका वीच तालमेल | छ | छैन |
|---|---|---|---|
| १ | आर्थिक वर्षको चैत्र सम्म वार्षिक विनियोजनको ६० प्रतिशत खर्च भएको | | |
| २ | आर्थिक वर्षको वैशाख देखि असार सम्म वार्षिक विनियोजनको ४० प्रतिशत भन्दा वढी र असार महिनामा वार्षिक विनियोजनको २० प्रतिशत भन्दा वढी खर्च नभएको | | |
| ३ | वैशाख मसान्तपछि जिविसले पूंजींगत तर्फका कुनै पनि नयाँ कार्यक्रम र आयोजनाका लागि सम्झौता नगरेको | | |

### १३.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा ३ अंक, तेस्रो र कुनै एक कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ अंकर अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### १३.४ पुष्ट्याइको स्रोत

जिल्ला विकास कोषको अवस्था, जिल्ला विकास योजना, समिक्षा प्रतिवेदन, वजेट अख्तियारी, चैत्र देखि आषाढ सम्मको मासिक खर्चको फाँटवारी, वोर्ड वैठकका निर्णयहरू।

## सूचक नं १४ : आर्थिक कारोवारको गुणस्तर

### १४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आ.प्र नियमावलीको नियम १९०, १९१ र १९२ बमोजिम तोकिएको समय भित्र पेश्की फछ्यौंट गर्ने गराउने र सो को विवरण अद्यावधिक गरी राखेको हुनुपर्दछ।

### १४.२ मापन तालिका

| क्र.स. | आर्थिक कारोवारको गुणस्तरको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | गत आ.व मा भएको कुल खर्चमा पेश्की बाँकी नभएको | | |
| २ | गत आ.व मा भएको कुल खर्चमा पाँच प्रतिशत सम्म पेश्की रहेको | | |
| ३ | गत आ.व. भन्दा अघिल्लो आ.व. सम्मको बाँकी पेश्की मध्ये ७५ प्रतिशत फछ्र्यौट भएको | | |

***नोटः गा.वि.स.र नगरपालिकालाई दिएको अनुदान तथा अन्य अनुदान कट्टा गरी बाँकी खर्च गरिएको रकमको लेखाजोखा गरि जिविसले आर्थिक वर्षको अन्तमा पेश्की राखेको भए सोको आधारमा मापन हुने छ।***

### १४.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो र तेस्रो कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा २ अंक, दोश्रो र तेस्रो कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### १४.४ पुष्ट्याइको स्रोत

गत आ.व.को कुल खर्चमा पेश्की विवरण, गत आ.व.भन्दा अघिल्लो आ.व.अन्त सम्म वाकी रहेको पेश्कीको विवरण र सो अवधिमा फछ्र्यौट गरिएको विवरण।

## सूचक नं. १५ : आर्थिक सहायता

### १५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमावलीको नियम ५३ बमोजिम तोकिएको सीमा भित्र रही आर्थिक सहायता प्रदान गरेको हुनुपर्ने छ। आ.प्र नियमावली वमोजिमका शिर्षक अनुरुप मात्र जिल्ला विकास योजनामा वजेट शिर्षक कायम गरि नियम ५३ वमोजिम जिल्ला परिषदले स्वीकृत गरेको वजेट परिधि भित्र रहि आ.स वितरण गरेको हुनुपर्ने तर कुनै पनि प्रकारका राजनितिक दल तथा तिनका भातृ/भगिनी संगठन, सँघ संस्था वा व्यक्ति आदिलाई कुनै पनि प्रकारको आर्थिक सहायता दिन पाइने छैन।

### १५.२ मापन तालिका

| क्र.स | आर्थिक सहायताको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | आर्थिक सहायता नियमको सीमा भित्र रहेको | | |
| २ | राजनीतिक दल वा तिनका भातृ भगिनी संघ संगठनलाई आर्थिक सहायता प्रदान नगरेको | | |
| ३ | कर्मचारीका संघ संगठनलाई आर्थिक सहायता प्रदान नगरेको | | |

### १५.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको सवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा शून्य (०) अंक प्रदान गर्ने।

### १५.४ पुष्ट्याइको स्रोत
जिविस वैठकको निर्णय तथा खर्चको फाँटवारी

## सूचक नं १६ : लेखा परीक्षण र बेरुजु

### १६.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
गत आ.व.भन्दा अघिल्लो आ.व. को जिल्ला विकास कोषको लेखा परीक्षण हुँदाको वखत निस्केको वेरुजु मन्त्रालयले तोकेको प्रतिशतको सिमा भित्र रहेको हुनुपर्दछ।

### १६.२ मापन तालिका

| क्र.स. | वेरूजुको सिमा | छ | छैन |
|---|---|---|---|
| १ | कुल आर्थिक कारोवार (कूल खर्च र आय) को १.२५% वा सो भन्दा कम बेरुजू भएको | | |
| २ | कुल आर्थिक कारोवार (कूल खर्च र आय) को १.२५% भन्दा बढी तर २.००% भन्दा कम बेरुजू भएको | | |

### १६.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको पहिलो कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा ३ अंक, दोश्रो कोष्ठको “छ” मा मात्र ठीक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### १६.४ पुष्ट्याइको स्रोत
म.ले.प. को अन्तिम प्रतिवेदन र मन्त्रालयको परिपत्र

## सूचक नं. १७ : बेरुजु फछ्र्यौट

### १७.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
लेखापरीक्षण प्रतिवेदनमा लगत कायम भएको जिल्ला विकास कोषको गत आ.व. भन्दा अघिल्लो आ.व.सम्मको कूल बेरुजू मध्ये गत आ.व.मा मन्त्रालयले तोकिदिएको प्रतिशत सम्म बेरुजु फछ्र्यौट गरी अद्यावधिक गरेको हुनुपर्ने छ।

### १७.२ मापन तालिका

| क्र.स. | बेरूजू फछ्र्यौट गरेको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | कूल बेरुजूमध्ये ७५% वा सो भन्दा बढी फछ्यौट गरेको | | |
| २ | कूल बेरुजूमध्ये कम्तिमा ४५% वा सो भन्दा बढी तर ७५% भन्दा कम फछ्र्यौट गरेको | | |

### १७.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा ३ अंक, दोस्रो कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### १७.४ पुष्ट्याइको स्रोत

गत आ.व. को बेरुजू फछ्र्यौट गरेको प्रमाणका आधारमा सम्परीक्षण भई लगत कट्टा भएको विवरण, गत आ.व. भन्दा अघिल्लो आ.व. को अन्तसम्ममा रहेको कूल बेरुजू मध्ये गत आ.व. मा गरिएको बेरुजू फछ्र्यौटको स्थिति र म.ले.प. को अन्तिम प्रतिवेदन, मन्त्रालयको परिपत्र, वेरुजु संपरिक्षण पत्र, मन्त्रालयको वेरुजु फछयौंट प्रगतिको पत्र, वेरुजु अभिलेख खाता।

## सूचक नं. १८ : खरीद व्यवस्थापन

### १८.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशाशन नियमावली, २०६४ को नियम ६२ को उपनियम ६ बमोजिमको विवरणहरू समावेश गरि उप नियम ५ वमोजिम वार्षिक खरिद योजना तर्जुमा गरिएको हुनुपर्दछ। स्वीकृत कार्यक्रम/बजेट संशोधन भएमा सोही अनुसार खरिद योजना परिमार्जन गरी स्वीकृत गरेको हुनुपर्ने साथै विद्युतीयबोलपत्र प्रणाली (E-bidding) र वार्षिक कार्यसञ्चालन तालिका कार्यान्वयनमा ल्याएको हुनुपर्दछ।

### १८.२ मापन तालिका

| क्र.स. | वार्षिक खरिद योजनाको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | चालु आ.व. का लागि स्वीकृत कार्यक्रमहरूको वार्षिक खरिद योजना गत आ.व. को आषाढ मसान्त भित्रै जिविसबाट स्वीकृत भएको | | |
| २ | स्वीकृत खरिद योजना चालु आ.व. को श्रावण मसान्त भित्र मन्त्रालयमा पठाएको | | |
| ३ | चालु आ.व. का लागि स्वीकृत सबै आयोजना तथा कार्यक्रमहरूको सञ्चालन तालिका गत आ.व. मा नै जिविसबाट स्वीकृत भएको | | |
| ४ | स्वीकृत कार्यसञ्चालन तालिका चालु आ.व. को श्रावण मसान्त भित्र Web site र सुचना मार्फत सार्वजनिक गरेको | | |
| ५ | विद्युतीय बोलपत्र प्रणाली (E-bidding) कार्यान्वयनमा ल्याएको | | |

### १८.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा ३ अंक, पहिलो र पाँचौ सहित कुनै चारवटा "छ" मा ठीक (√) चिन्ह लागेमा २ अंक, पहिलो सहित कुनै तीनवटा कोष्ठको "छ" मा ठीक (√) लागेमा १ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### १८.४ पुष्ट्याइको स्रोत

जि.वि.स. ले चालू आ.व. को वार्षिक खरिद योजना तयार गरी स्वीकृत गरेको कागजात, कार्यसंचालन तालिका, वार्षिक प्रगति समिक्षा प्रतिवेदन र विद्युतीय बोलपत्र प्रणाली (E-bidding) कार्यान्वयनमा ल्याएको प्रमाणित हुने कागजात।

## सूचक नं. १९ : धरौटी खाता संचालन

### १९.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमावली, २०६४को नियम १७३, १७५, १८० र १८१ बमोजिम धरौटी खाता संचालन गरेको हुनुपर्दछ। धरौटी खाताको रकम अन्य प्रयोजनमा खर्च गर्न नहुने र प्रयोजन समाप्त भएको रकम जिविस कोषमा दाखिला गरेको हुनुपर्दछ।

### १९.२ मापन तालिका

| क्र.स. | धरौटी खाता सञ्चालनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | धरौटी खाताको रकम अन्य प्रयोजनमा खर्च नगरेको र फिर्ता गर्नुपर्ने रकम फिर्ता गरेको | | |
| २ | म्याद भित्र फिर्ता नभएको धरौटी रकमको विवरण खुल्ने गरी अभिलेख राखेको | | |
| ३ | प्रयोजन समाप्त भई फिर्ता नभएको धरौटी रकम जिविस कोषमा आम्दानी बाधेको | | |

### १९.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### १९.४ पुष्ट्याइको स्रोत

धरौटी खाताको विवरण।

## कार्य क्षेत्र समूह नं. ३ : बजेट निकासा, खर्च र कार्यक्रम कार्यान्वयन

| सूचक नं. | सूचकको नाम | अंक | समूहको कूल अंक | प्राप्त गर्नुपर्ने न्यूनतम अंक |
|---|---|---|---|---|
| २० | वार्षिक बजेट विनियोजनको खर्च | ३ | १६ | ६ |
| २१ | लक्षित समूह विकास कार्यक्रमको खर्च | ३ | | |
| २२ | प्रशासनिक खर्च | ३ | | |
| २३ | कृषि तथा पशु विकास कार्यक्रम र बजेट | २ | | |
| २४ | उपभोक्ता समिति गठन सम्वन्धी व्यवस्था | ३ | | |
| २५ | खानेपानी तथा सरसफाई क्षेत्र व्यवस्थापन | २ | | |

## सूचक नं २० ः बार्षिक बजेट विनियोजनको खर्च

### २०.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

गत आ.व.का लागि स्वीकृत वार्षिक योजनामा भएको कूल वार्षिक विनियोजन र कुल पुंजिगत बजेट सोही आर्थिक वर्ष भित्र खर्च भएको हुनुपर्दछ।

### २०.२ मापन तालिका

| क्र.स | बार्षिक बजेट विनियोजनको खर्चको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | जिल्ला विकास योजनाको स्वीकृत कुल विनियोजित बजेटको ९० प्रतिशत वा सो भन्दा बढी खर्च भएको | | |
| २ | जिल्ला विकास योजनाका स्वीकृत कुल पुंजिगत बजेटको ८० प्रतिशत वा सो भन्दा बढी खर्च भएको | | |

### २०.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको दुबै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा ३ अंक, कुनै एक कोष्ठमा “छ” मा ठीक (√) चिन्ह लागेमा २ अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### २०.४ पुष्ट्याइको स्रोत

स्वीकृत वार्षिक कार्यक्रम र बजेट, आर्थिक विवरण आलेप तथा मलेपको प्रतिवेदन।

## सूचक नं २१ ः लक्षित समूह विकास कार्यक्रमको खर्च

### २१.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

स्रोत परिचालन कार्यविधि बमोजिम लक्षित समूहका लागि विनियोजन भएको रकम सम्वन्धित क्षेत्रको विकासका लागि खर्च भएको हुनुपर्दछ।

### २१.२ मापन तालिका

| क्र.स. | लक्षित वर्गलाई विनियोजित वजेटको खर्चको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | गत आ.व. का लागि स्वीकृत लक्षित समूह विकास कार्यक्रममा विनियोजित रकमको ८० प्रतिशत वा सो भन्दा बढी खर्च भएको | | |
| २ | गत आ.व. का लागि स्वीकृत लक्षित समूह विकास कार्यक्रमा विनियोजित रकमको ६० देखि ८० प्रतिशतसम्म खर्च भएको | | |

### २१.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा ३ अंक, दोश्रो कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### २१.४ पुष्ट्याइको स्रोत

बजेट विनियोजनको निर्णय पुस्तिका, बार्षिक जिल्ला विकास योजना, आर्थिक विवरण, विनियोजन गरे अनुरुप कार्य सम्पन्न विवरण।

## सूचक नं. २२ ः प्रशासनिक खर्च

### २२.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा २२० बमोजिम राजस्व बाँडफाँड वापत प्राप्त रकम प्रशासनिक कार्यमा खर्च गर्न पाइदैन। आर्थिक प्रशासन नियमावलीको नियम ५५ वमोजिम गत आ.व.को वास्तविक आन्तरिक आयवाट प्रशासनिक खर्च गर्दा तोकिएको खर्च सिमाको पालना गरेको हुर्नुपर्दछ।

### २२.२ मापन तालिका

| क्र.स. | प्रशासनिक खर्चको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | नियमले तोकेको सीमा भित्र रही प्रशासनिक कार्यमा खर्च गरेको | | |
| २ | राजश्व वाँडफाँडबाट प्राप्त रकम प्रशासनिक कार्यमा खर्च नभएको | | |

### २२.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको दुवै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा ३ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### २२.४ पुष्ट्याइको स्रोत
राजश्व बाँडफाँडबाट प्राप्त रकम र आन्तरिक आयवाट गरेको प्रशासनिक खर्चको विवरण।

## सूचक नं २३ : कृषि तथा पशु विकास कार्यक्रम र बजेट

### २३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
ऐनको दफा १८९(१) को (क) मा भएको व्यवस्था अनुरुप जिल्लाको कृषि तथा पशु विकास सम्बन्धी जिल्लास्तरीय नीति बनाई सो अनुरुपका कार्यक्रमहरू सञ्चालन गरेको हुनुपर्ने छ।

### २३.२ मापन तालिका

| क्र.स. | कृषि तथा पशु विकास कार्यक्रम र बजेटको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | जिल्लास्तरीय कृषि तथा पशु विकास सम्वन्धी नीति तर्जुमा गरी लागू गरेको | | |
| २ | जिविस कोषवाट कृषि तथा पशु विकास सम्वन्धी कार्यक्रममा गत आ.व.का लागि बजेट विनियोजन गरेको | | |
| ३ | गत आ.व.को लागि विनियोजित बजेटको कम्तीमा ८० प्रतिशत खर्च गरेको | | |

***नोट : विनियोजित वजेटवाट उल्लेखित क्षेत्रको विकासका लागि क्षेत्रगत योजना वा सहभागितात्मक योजना तर्जुमा प्रक्रियावाट माग भई आएको योजनालाई सम्वोधन गरिएको हुनपर्ने।***

### २३.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको सबै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ अंक, पहिलो र कुनै एक कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### २३.४ पुष्ट्याइको स्रोत
जिल्लास्तरीय कृषि तथा पशु विकास सम्वन्धी नीति, जिल्ला विकास योजनामा कृषि तथा पशु क्षेत्रको लागि वजेट विनियोजन र खर्च।

# सूचक नं २४ : उपभोक्ता समिति गठन सम्वन्धी व्यवस्था

## २४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

उपभोक्ता समितिमार्फत आयोजनाहरू संचालन गर्दा ऐनको दफा २०८ र २०९ एवं आर्थिक प्रशासन नियमावलीको नियम १५५ र १५६ को पालना गर्नुपर्नेछ।

## २४.२ मापन तालिका

| क्र.स. | उपभोक्ता समिति गठनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | आयोजना कार्यान्वयनका लागि तपसिल बमोजिमका शर्त पुरा गरेका उपभोक्ता समितिसंग मात्र सम्झौता गरेको<br>• आयोजनाबाट लाभान्वित समूहको उपस्थितिको लागि जिविसले सार्वजनिक सूचना जारी गरी गठन गरेको,<br>• जिविसले तोकेको कर्मचारीको उपस्थितिमा आयोजनास्थलमा नै समिति गठन गरेको,<br>• कार्यकारी पद सहित कम्तीमा ३३ प्रतिशत महिला सहभागिता भएको,<br>• सुपरिवेक्षण तथा अनुगमन समिति गठन भएको | | |
| २ | आयोजना सम्झौता पश्चात र सञ्चालन पूर्व उपभोक्ता समितिलाई तालिम/अभिमुखीकरण गरेको | | |

## २४.३ मूल्यांकन विधि

मापन तालिकाको दुवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा ३ अंक, पहिलो कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा २ र दोस्रो कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा १ अंक प्रदान गर्ने ।

## २४.४ पुष्ट्याइको स्रोत

उपभोक्ता समिति गठनको माइन्युट, योजना खाता, उपभोक्ता समितिले पेश गरेको प्रगति विवरण आदि।

# सूचक नं २५ : खानेपानी तथा सरसफाई क्षेत्र व्यवस्थापन

## २५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा १८९ मा जिविसले खानेपानी तथा सरसफाई क्षेत्रमा कार्य गर्नुपर्ने व्यवस्था छ। सहस्राव्दी विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाईलाई विशेष जोड दिएको हुँदा जिविसले यस क्षेत्रको विकासका लागि कार्य गरेको हुनुपर्दछ।

## २५.२ मापन तालिका

| क्र.स. | खानेपानी तथा सरसफाई क्षेत्र व्यवस्थापन | छ | छैन |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई स्वास्थ्य योजना (WASH Plan) तयार गरेको | | |
| २ | खानेपानी तथा सरसफाई  कार्यक्रमको तोकिएको न्यूनतम बजेट र अन्य जिविस स्रोत समेतवाट सरसफाई क्षेत्रको लागि वजेट विनियोजन गरी खर्च गरेको | | |
| ३ | खुल्ला दिशा मुक्त अभियान अन्तर्गत प्रत्येक वर्ष न्यूनतम १० प्रतिशत गाविसलाई ODF घोषणा गरी निरन्तर सवै गाविस र नपालाई ODF घोषणाका लागि कार्ययोजना वनाएको | | |
| ४ | ODF घोषणा भएका गाविस र नपाहरूमा कायक्रमको दिगोपना र निरन्तरताका लागि कायक्रम संचालन गरेको | | |

## २५.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा २, कुनै तीन कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने ।

## २५.४ पुष्ट्याइको स्रोत

खानेपानी तथा सरसफाई स्वास्थ्य योजना (WASH Plan), वार्षिक जिल्ला विकास योजना र वार्षिक प्रगती प्रतिवेदन ।

## कार्य क्षेत्र समूह नं ४ : अनुगमन मुल्यांकन, सञ्चार र पारदर्शिता

| सूचक नं. | सूचकको नाम | अंक | समूहको कूल अंक | प्राप्त गर्नुपर्ने न्यूनतम अंक |
|---|---|---|---|---|
| २६ | आयोजना सूचना पाटी (Project Information Board) | २ | २६ | १० |
| २७ | Web-Site सम्वन्धी व्यवस्था | ३ | | |
| २८ | सार्वजनिक सुनुवाई (Publc Hearing) | २ | | |
| २९ | सामाजिक परीक्षण (Social Audit) | २ | | |
| ३० | उपभोक्ता समितिको रकम निकासा र सार्वजनिक परीक्षण (Public Audit) | २ | | |
| ३१ | लैंगिक उत्तरदायी बजेट | २ | | |
| ३२ | अनुगमन तथा मूल्यांकन र प्रतिवेदन | ३ | | |
| ३३ | आयोजनाको जाँचपास तथा फरफारक | २ | | |
| ३४ | आयोजना तथा कार्यक्रमहरूको प्रभाव मूल्यांकन (Impact Evaluation) | २ | | |
| ३५ | सामाजिक सुरक्षा कार्यक्रम | ३ | | |
| ३६ | व्यक्तिगत घटना दर्ता विवरणको अभिलेख व्यवस्थापन | २ | | |
| ३७ | जिल्ला गरिबी तथा विश्लेषण प्रणाली (DPMAS) सञ्चालन | १ | | |

## सूचक नं २६ : आयोजना सूचना पाटी (Project Information Board)

### २६.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

स्रोत परिचालन कार्यविधि बमोजिम रु. ५ लाख वा सो भन्दा माथिका आयोजनाहरूमा आयोजना सम्बन्धी विवरण (आयोजनाको नाम, कामको संक्षिप्त विवरण, लागत, लागत व्यहोर्ने श्रोत, उपभोक्ता समितिको अध्यक्ष वा निर्माण व्यवसायीको नाम, लाभग्राही संख्या, आयोजनाले समेटेको क्षेत्र, कार्य सम्पन्न हुने मिति आदि) समेटिएको परियोजना सूचना पाटी (Project Information Board) राख्नुपर्ने व्यवस्था योजनाको सम्झौतामा समेत समावेश गरि कार्य प्रारम्भ गर्दाकै अवस्थामा आयोजना स्थलमा राखेको हुनुपर्ने छ।

### २६.२ मापन तालिका

| क्र.स. | आयोजना सूचना पाटी | छ | छैन |
|---|---|---|---|
| १ | रु ५ लाख वा सो भन्दा वढि लागतका सबै आयोजनाहरूको सूचना पाटी आयोजना कार्यान्वयन पूर्व आयोजनास्थलमा राखेको | | |
| २ | रु ५ लाख वा सो भन्दा वढि लागतका ७५ प्रतिशत वा भन्दा वढि आयोजनाहरूको सूचना पाटी आयोजना कार्यान्वयन पूर्व आयोजनास्थलमा राखेको | | |
| ३ | रु. ५ लाख भन्दा माथिका आयोजनाहरूको नाम, स्थान, कुल लागत, लाभान्वित संख्या, शुरु मिति, सम्पन्न हुने मिति र उपभोक्ता समितिको अध्यक्षको विवरण खुल्ने सूचना पाटी जिविसमा सबैले देख्ने गरि टांस गरेको | | |

### २६.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो र तेस्रो कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ अंक, दोस्रो र तेस्रो कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### २६.४ पुष्ट्याइको स्रोत

जिविसको निर्णय, योजना खाता र योजना सम्झौता, फरफारक भएका आयोजनाहरूको फाईल र स्थालगत अवलोकन।

## सूचक नं २७ : Web-Site सम्वन्धी व्यवस्था

### २७.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा २१२ तथा सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३(ख) र आर्थिक प्रशासन नियमावलीबमोजिम तोकिएको ढाँचामा जि.वि.स.ले आफ्नो र गाविसहरूको समेत आय व्यय विवरण तथा आफ्ना क्रियाकलापहरूका वारेमा पारदर्शिता कायम गर्न ती सवै सुचनाहरू सार्वजनिक गर्नु पर्ने व्यवस्था छ। यसका लागि web-site नियमित रुपमा अध्यावधिक गरी कम्तीमा देहाय बमोजिमका सूचनाहरू राखेको हुनुपर्दछ :

१. आवधिक जिल्ला विकास योजना
२. चालु आ.व. सहित दुई आ.व. को जि.वि.स.को वार्षिक योजना (बजेट तथा कार्यक्रम) पुस्तिका,
३. चालु आ.व. सहित दुई आ.व.को वार्षिक लेखा परीक्षण प्रतिवेदन,
४. आ.प्र. नियमावली अनुसूचि ५ (नियम ६० को उपनियम (१) को खण्ड (क) सँग सम्वन्धित)अनुसार विगत २ आ.व.को आय व्यय विवरण,
५. आ.प्र. नियमावली अनुसूचि २ (नियम १८ को उपनियम(१) को खण्ड (ख) सँग सम्वन्धित) अनुसार विगत २ आ.व.को सर्म्पूण गा.वि.सहरूको आय व्यय विवरण,
६. हाल सम्मको जिविसको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन र गाविसको न्यूनतम शर्तको परिणाम,
७. विगत २ आ.व.मा गाविसमा वितरण भएको सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण,
८. जिल्लाको प्रोफाईल,
९. नागरिक बडापत्र र संगठन तालिका,
१०. कर्मचारीहरूको विवरण।

### २७.२ मापन तालिका

| क्र.स. | web-site संचालनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | मन्त्रालयले तोकेको ढाँचा बमोजिम IP Address राखी web-site सञ्चालनमा ल्याएको | | |
| २ | Web Site तथा Official E-mail मार्फत सूचना प्रवाह गर्न जिम्मेवार कर्मचारी तोकेको | | |
| ३ | माथि उल्लेखित सवै विवरणहरू राखी Website नियमित रुपमा अद्यावधिक गरेको | | |

### २७.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा ३ अंक, तेस्रो सहित कुनै दुई कोष्ठको "छ" मा ठिक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### २७.४ पुष्ट्याइको स्रोत

Web-address, तोकिएका सूचनाहरू web-site मा राखिएको र नियमित रुपमा वेब साईट अपडेट गर्ने प्रवन्ध मिलाईएको व्यवस्था ।

## सूचक नं. २८ : सार्वजनिक सुनुवाई

### २८.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४, नियमावली २०६५ र स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार जि.वि.स. ले विकास निर्माण र सेवा प्रवाह कार्यको प्रभावकारिताको लागि फरक फरक चौमासिक अवधिमा कम्तीमा तीनवटा सार्वजनिक सुनुवाई गरेको हुनुपर्ने छ।

### २८.२ मापन तालिका

| क्र.स. | सार्वजनिक सुनुवाई गरिएको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | चौमासिक अवधिमा कम्तीमा एउटा पर्ने गरी तीन पटक सार्वजनिक सुनुवाई भएको | | |
| २ | सार्वजनिक सुनुवाईमा आएका सुझाव उपर सम्वोधन भएको | | |
| ३ | सार्वजनिक सुनुवाईमा आएका सुझाव र प्रतिक्रिया उपर जिविस वैठकमाछलफल तथा निर्णय भएको | | |

### २८.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको "छ" मा ठिक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### २८.४ पुष्ट्याइको स्रोत

सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति, निर्णय र प्रतिवेदन, सार्वजनिक सुनुवाईमा आएका सुझाव र निर्णयहरूको सम्वोधन र जिविस वैठकको निर्णय।

## सूचक नं २९ : सामाजिक परीक्षण

### २९.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आ.प्र. नियमावलीको उपनियम २०१ बमोजिम एक आ.व.मा सम्पादन गरेका वार्षिक कार्यक्रमहरू सो आ.व. समाप्त भएको ४ महिना भित्र सामाजिक परीक्षण गरेको हुनुपर्ने। यस्तो सामाजिक परीक्षणमा सर्वसाधारणको पहुँच भएको सुनिश्चित गरिएको हुनुपर्ने छ। साथै सामाजिक परीक्षण प्रतिवेदनमा सामाजिक क्षेत्रमा भएको राम्रो कार्य तथा कमजोरी अनिवार्य रुपमा समावेश भएको हुनपर्ने छ।सामाजिक परिक्षण सम्वन्धी प्रचलित कार्यविधिले तोकेको ढाँचामा प्रतिवेदन तयार गरी सो मा सामाजिक क्षेत्रमा भएको सवल तथा कमजोर पक्षको प्रतिवेदनमा अनिवार्य रुपमा समावेश भएको हुनपर्ने छ।

### २९.२ मापन तालिका

| क्र.स. | सामाजिक परीक्षण गरिएको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | गत आ.व.को पहिलो चार महिनाभित्र सवै सरोकारवालाको उपस्थितीमा सामाजिक परीक्षण भएको[३] | | |
| २ | सामाजिक परीक्षण प्रतिवेदन तयार गरी web-site मार्फत सार्वजनिक गरेको | | |

### २९.३ मूल्यांकन विधि

मापन तालिकाको दुवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा २ अंक र कुनै एउटा कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### २९.४ पुष्ट्याइको स्रोत

सामाजिक परीक्षणको लागि गरिएका सूचना (पत्रपत्रिकाको प्रतिलिपि, रेडियोको रेकर्ड, सूचना पाटीमा टाँस गरेको प्रमाण, निमन्त्रणा पत्र र सामाजिक परीक्षणको उपस्थिति र निर्णय)।

३ *सरोकारवालाहरु भन्नाले विषयगत कार्यालय, स्थानीय स्तरमा क्रियाशील राजनीतिक दल, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि, जिल्ला योजनामा समावेश भएका गैरसरकारी संस्थाहरु, उधोग वाणिज्य संघ आदिलाई जनाउदछ।*

## सूचक नं. ३० : उपभोक्ता समितिको रकम निकासा र सार्वजनिक परीक्षण (Public Audit)

### ३०.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐन तथा नियमावलीमा भएको व्यवस्थाका अतिरिक्त उपभोक्ता समिति सम्वन्धी प्रचलित कार्यविधि बमोजिम उपभोक्ता समितिले प्राप्त गरेको रकमको जानकारी सम्वन्धित उपभोक्ताहरूलाई जानकारी गराएको हुनुपर्दछ।

### ३०.२ मापन तालिका

| क्र.स | उपभोक्ता समितिको रकम निकासाको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | प्रत्येक उपभोक्ता समितिले प्रथम तथा अन्तिम किस्तामा लिएको रकमको वारेमा सम्वन्धित उपभोक्ताहरूलाई जानकारी गराउनु पर्ने प्रावधान सम्झौतामा उल्लेख गरेको | | |
| २ | सम्वन्धित उपभोक्ताहरूलाई जानकारी गराएको प्रमाणको आधारमा जिविसले रकम निकासा गरेको | | |
| ३ | आयोजना फरफारक गर्दा सार्वजनिक परीक्षणको प्रतिवेदन प्राप्त गरेको | | |

### ३०.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने ।

### ३०.४ पुष्ट्याइको स्रोत

योजना सम्झौता र फरफारक प्रतिवेदन, सार्वजनिक परीक्षणको प्रतिवेदन, योजना सम्वन्धी खाता आदि।

## सूचक नं ३१ : लैंगिक उत्तरदायी बजेट

### ३१.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

जिल्ला विकास योजनामा समावेशी विकासका लागि लैंगिक वजेट परीक्षण निर्देशिका २०६४ अनुसार लैंगिक उत्तरदायी तथा समावेशी बजेट तथा कार्यक्रम तर्जुमा गरी सो अनुरुप कार्यक्रम कार्यान्वयन गरी वार्षिकरुपमा परीक्षण गरेको हुनुपर्ने छ।

### ३१.२ मापन तालिका

| क्र.स | लैगिंक उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयन अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | लैंगिक उत्तरदायी तथा समावेशी बजेट  कार्यक्रम तर्जुमा गरेको | | |
| २ | कार्यक्रम तथा बजेट अनुरुप योजना कार्यान्वयन गरेको | | |
| ३ | लैगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण गरेको | | |

### ३१.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको सवै  कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ३१.४ पुष्ट्याइको स्रोत
जिल्ला विकास योजना, वार्षिक प्रगती प्रतिवेदन र लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षणको प्रतिवेदन।

## सूचक नं ३२ : अनुगमन तथा मूल्यांकन र प्रतिवेदन

### ३२.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
जिल्लामा सञ्चालित कार्यक्रम तथा आयोजनाहरूको स्रोत परिचालन कार्यविधि अनुसार सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरी मन्त्रालयमा चौमासिक रुपमा प्रतिवेदन पेश गर्नुपर्ने छ। सवै भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुनेगरी जिल्ला विकास योजनामा परेका आयोजना कार्यक्रमहरूको (गैसस र विषयगत कार्यालयको समेत) नियमित रुपमा अनुगमनगरी छलफलका लागि जिविसमा प्रतिवेदन पेश गर्नु पर्दछ।

### ३२.२ मापन तालिका

| क्र.स. | अनुगमन तथा मूल्यांङ्कनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सुपरिवेक्षण तथा अनुगमन समिति गठन भएको | | |
| २ | जिविसले कम्तीमा २० प्रतिशत गाविसहरूको स्थलगत अनुगमन गरी लिखित प्रतिवेदन पेश भएको | | |
| ३ | आयोजना कार्यक्रमको नियमित अनुगमन गरी चौमासिक रुपमा प्रतिवेदन पेश गरेको | | |
| ४ | गाविस तथा जिविसका आयोजना कार्यक्रमको अनुगमन प्रतिवेदन उपर जिविस वोर्डमा छलफल तथा निर्णय भएको | | |

### ३२.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको सवै  कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा ३ अंक, पहिलो र चौथो सहित कुनै तीन कोष्ठको "छ" मा ठिक चिन्ह (√) लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ३२.४ पुष्ट्याइको स्रोत
सुपरिवेक्षण तथा अनुगमन समिति गठन सम्वन्धि जिविस वोर्डको निर्णय, अनुगमन तथा मूल्यांकन प्रतिवेदनको विवरण, मन्त्रालयमा पत्रचार गरिएका चिठीहरूको कार्यालय प्रति।

## सूचक नं. ३३ : आयोजनाको जाँचपास तथा फरफारक

### ३३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा २१३, नियमावलीको नियम २०१, आ.प्र. नियमावलीको नियम ५१ र स्रोत परिचालन कार्यविधि बमोजिम जाँचपास तथा फरफारक भएको हुनुपर्ने छ।

### ३३.२ मापन तालिका

| क्र.स. | जाचपास तथा फरफारकको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | गत आ.व.मा संचालन भएका सवै आयोजनाहरूको सोही आ.व. भित्र फरफारक भएको | | |
| २ | आयोजना सम्पन्न भई लिखित जानकारी प्राप्त भएको मितिले सोहि आ.व.को तीस दिन भित्र जाचपास फरफारक गरेको | | |
| ३ | सम्पन्न भएका आयोजनाहरू सुसंचालनको लागि  सरोकारवालाहरूलाई हस्तान्तरण गरेको | | |

### ३३.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा २ अंक, दोश्रो र तेस्रो कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ३३.४ पुष्ट्याइको स्रोत

योजनाहरूको कार्य सम्पन्न प्रतिवेदन, अन्तिम मूल्यांङ्कन, फरफारक समितिको निर्णय र जिल्ला परिषदको बैठकवाट अनुमोदन गरेको निर्णय।

## सूचक नं ३४ : आयोजना तथा कार्यक्रमहरूको प्रभाव मूल्यांकन

### ३४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

जिविसले सञ्चालन गरेका दुई करोड भन्दा बढी लागतका कार्यक्रम/आयोजना सम्पन्न भएको २ वर्षपछि नियमावलीको नियम २०६ बमोजिम सवै आयोजनाहरूको प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ।

### ३४.२ मापन तालिका

| क्र.स. | आयोजना तथा कार्यक्रमको प्रभाव मुल्यांकन | छ | छैन |
|---|---|---|---|
| १ | तोकिएको अवधि पुरा भएका सवै आयोजनाहरूको प्रभाव मुल्यांकन गरिएको | | |
| २ | मुल्याकंनमा गरिवी न्यूनिकरण, उत्पादन तथा रोजगारी र पर्यावरणको क्षेत्रमा पारेको प्रभाव अध्ययन भएको | | |

*नोट : प्रभाव मूल्याँकन भन्नाले संचालित आयोजनाले त्यस क्षेत्रका जनताको दैनिक जीवनयापनमा के कस्तो परिवर्तन ल्यायो, रोजगारीको अवसर, गरिवी न्यूनिकरणको अवस्था, सेवा सुविधाहरुको पहुँचमा सुलभता लगायत त्यस आयोजनाले सामाजिक, वातावरण तथा पर्यावरणका क्षेत्रमा पारेको असर र तिनका निदानका उपाय लगायतका विषयवस्तु समेटी तयार गरिएको विस्तृत अध्ययनलाई जनाउदछ।*

### ३४.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको सवै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ अंक, कुनै एक कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ३४.४ पुष्ट्याइको स्रोत
गत आ.व. भन्दा अघिल्लो दुई आ.व. हरूमा प्रति योजना रु. २ करोड वा सो भन्दा बढी लागतमा सम्पन्न भएका योजना तथा कार्यक्रमहरू रअध्ययन प्रतिवेदन।

## सूचक नं ३५ ः सामाजिक सुरक्षा कार्यक्रम

### ३५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
सवै गाविस र नगरपालिकावाट चालु आ.व.मा भत्ता पाउनेहरूको विवरण संकलन गरि अद्यावधिक विवरणगत आ.व.को माघ मसान्त भित्र मन्त्रालयमा पठाएको हुनुपर्ने छ। साथै सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमहरूको प्रत्येक चौमासिक र वार्षिक रुपमा प्रगति विवरण समेत पठाउनुपर्ने छ। सामाजिक सुरक्षा भत्ता वापत गएको पेश्की रकम नियमानुसार तोकिएको समय भित्र फछ्यौट गरेको हुनपर्ने छ।

### ३५.२ मापन तालिका

| क्र.स. | सामाजिक सुरक्षा कार्यक्रम | छ | छैन |
|---|---|---|---|
| १ | चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता पाउनेहरूको अद्यावधिक विवरण गत आ.व.को माघ मसान्त सम्म मन्त्रालयमा पठाएको | | |
| २ | प्रत्येक चौमासिक अवधिको लगत कट्टा समेत गरिएको विवरण प्रत्येक चौमासिकमा र सो को वार्षिक लगत कट्टा वाषिक प्रगति विवरणका साथ मन्त्रालयमा पठाएको | | |
| ३ | नियमले तोकेबमोजिमको समयभित्र पेश्की फछ्यौट भएको | | |

### ३५.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको सवै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा ३ अंक, पहिलो सहित कुनै दुई कोष्ठको "छ" मा ठिक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ३५.४ पुष्ट्याइको स्रोत
गाविस र नपा दुवैमा भत्ता पाउनेहरूको अद्यावधिक विवरण, पेश्की फछ्यौट भएको र प्रत्येक चौमासिक तथा वार्षिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण भएको प्रगति मंन्त्रालयमा पठाएको विवरण।

## सूचक नं ३६ : व्यक्तिगत घटना दर्ता विवरणको अभिलेख व्यवस्थापन

### ३६.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

गाउँ विकास समिति तथा नगरपालिकाहरूबाट व्यक्तिगत घटना दर्ता विवरण संकलन गरी मासिक र वार्षिक रुपमा मन्त्रालयमा नियमित रुपमा प्रतिवेदन गरेको हुनुपर्ने छ।

### ३६.२ मापन तालिका

| सि.नं | व्यक्तिगत घटना दताको अभिलेख व्यवस्थापनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई सराई तथा सम्वन्ध विच्छेद) को लागि जिम्मेवार कर्मचारी तोकेको | | |
| २ | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई सराई तथा सम्वन्ध विच्छेद) को मासिक रुपमा गाविस तथा नगरपालिकाबाट प्रतिवेदन प्राप्त गरी अभिलेख अद्यावधिक गरेको | | |
| ३ | मासिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पठाएको | | |

### ३६.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ३६.४ पुष्ट्याइको स्रोत

कर्मचारी तोकिएको पत्र तथा कार्य जिम्मेवारी, अभिलेख व्यवस्थापन र मन्त्रालयमा पठाइएका प्रतिवेदनहरू

## सूचक नं ३७ : जिल्ला गरिवी तथा विश्लेषण प्रणाली (DPMAS) सञ्चालन

### ३७.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

जिविसले संस्थागत रुपमा जिल्ला भित्रको विषयगत कार्यालय समेतको योजना तथा कार्यक्रमवाट गरिवीको क्षेत्रमा पुऱ्याएको योगदानको विश्लेषण गरी निर्धारित सफ्टवेयरको माध्यमवाट मन्त्रालय र राष्ट्रिय योजना आयोगमा विवरण पठाएको हुनपर्ने छ।

### ३७.२ मापन तालिका

| क्र.स. | DPMAS प्रणाली सन्चालन | छ | छैन |
|---|---|---|---|
| १ | DPMAS सफ्टवेयर जडान गरिएको | | |
| २ | गरिवी विश्लेषण गरी गत आ.व. सम्मको विवरण चालु आ.व.को श्रावण मसान्त भित्र मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाएको | | |

### ३७.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको दुवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ३७.४ पुष्ट्याइको स्रोत

DPMAS सफटवेयर जडान गरी मन्त्रालय र रायोआमा पठाएको विवरणहरू।

## कार्य क्षेत्र समूह नं. ५ : संगठन ब्यवस्थापन र कार्य जिम्मेवारी

| सूचक नं. | सूचकको नाम | अंक | समूहको कूल अंक | प्राप्त गर्नुपर्ने न्यूनतम अंक |
|---|---|---|---|---|
| ३८ | संगठन विकास (OD) अध्ययन  दण्ड र पुरस्कार | ३ | १७ | ७ |
| ३९ | सम्पत्ति विवरण | २ | | |
| ४० | गाविसको न्यूसकास मापन | २ | | |
| ४१ | कर्मचारीहरूको  बैठक | १ | | |
| ४२ | गुनासो सुन्ने अधिकारी र सोधपुछ कक्षको व्यवस्था | २ | | |
| ४३ | क्षमता विकास योजना | १ | | |
| ४४ | गा.वि.स. मा सामाजिक परिचालन | २ | | |
| ४५ | स्थानीय निकाय संयुक्त समिति | १ | | |
| ४६ | गैर सरकारी संस्था (गैसस) समन्वय र परिचालन | ३ | | |

## सूचक नं ३८ : संगठन विकास (OD) अध्ययन दण्ड र पुरस्कार

### ३८.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

जिविसको संस्थागत क्षमता अभिवृद्धिका लागि संगठन विकास अध्ययन वा संरचनागत लेखाजोखा (OD) भएको र तोकिएको समय (३ आ.व.) मा अद्यावधिक गरिएको हुनुपर्ने छ। साथै कर्मचारीहरूको काम, कर्तव्य र अधिकार खुलेको ऐनको दफा २४९ बमोजिमको कार्य विवरण तयार गरी सम्बन्धित कर्मचारीलाई उपलव्ध गराएको हुनुपर्ने छ। साथै विद्यमान संगठन र जनशक्तिलाई कार्य जिम्मेवारी अनुरुप दण्ड र पुरस्कारको व्यवस्था लागू गरेको हुनुपर्ने छ।

### ३८.२ मापन तालिका

| क्र.स. | संगठन विकास अध्ययन र कार्य विवरण | छ | छैन |
|---|---|---|---|
| १ | संगठन विकास (OD) अध्ययन वा संरचनागत लेखाजोखा अद्यावधिक भएको | | |
| २ | कर्मचारीको कार्य विवरण (Job Description) वनाई लागू गरेको | | |
| ३ | MCPM को सूचक समेतका आधारमा शाखागत रुपमा कर्मचारीहरूको जिम्मेवारी तोकेको | | |
| ४ | कार्य विवरणका आधारमा सूचक वनाई कर्मचारीहरूको मूल्यांकन गरी दण्ड र पुरस्कार प्रणाली लागू गरेको | | |

### ३८.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा ३, कुनै तीन कोष्ठको “छ” मा ठिक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ३८.४ पुष्ट्याइएको स्रोत

संगठन विकास अध्ययन वा सरचनागत लेखाजोखा प्रतिवेदन र कर्मचारीहरूको कार्य विवरण सम्बन्धी कागजातहरू।

कार्य विवरण अनुरुप काम काज गरिरहेको अवस्था तथा सो अनुरुपको कार्य सम्पादन विवरण। MCPM को सूचक तथा नतिजा समेतका आधारमा शाखागत कर्मचारीहरूको मूल्यांकन गरी सो का आधारमा दण्ड र पुरस्कार सम्वन्धी कार्य भएको प्रमाण।

## सूचक नं. ३९ : सम्पत्ति विवरण

### ३९.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

भष्ट्राचार निवारण ऐन २०५९ वमोजिम गत भन्दा अधिल्लो आ.व.मा कार्यरत सवै कर्मचारीले गत आ.व. को तोकेको अवधि भित्र सम्पति विवरण पेश गर्न लगाई सम्वन्धित निकायमा पठाएको हुनपर्ने छ।

### ३९.२ मापन तालिका

| क्र.स. | सम्पत्ति विवरण | छ | छैन |
|---|---|---|---|
| १ | निजामति सेवाका सवै कर्मचारीहरूले तोकेको समय भित्र सम्पत्ति विवरण पेश गरि निजामति कितावखानामा पठाएको | | |
| २ | स्थानीय निकायका सवै कर्मचारीहरूले तोकेको समय भित्र सम्पत्ति विवरण पेश गरि मन्त्रालयले तोकेको निकायमा पठाएको | | |

### ३९.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको दुवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा २ अंक, कुनै एक कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ३९.४ पुष्ट्याइको स्रोत

सम्पत्ति विवरण दर्ता र चलानी गरेको अभिलेख र विवरण प्राप्त भएको जानकारी

## सूचक नं. ४० : गाविसको न्यूसकास मापन

### ४०.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

गाविसको न्यूसकास मापन कार्यविधी २०६६ (संशोधन र परिमार्जन सहित) अनुसार जिविसले गाविसको मूल्यांकन समयमा गरी सचिवालयमा प्रतिवेदन पेश गरेको हुनुपर्नेछ।

### ४०.२ मापन तालिका

| क्र.स. | गाविसको न्यूसकास मापनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | तोकिएको समयमा मूल्यांकनकर्ता छनौट गरी सवै मूल्यांकनकर्तालाई अनुशिक्षण गराएको | | |
| २ | मूल्यांकनकर्तावाट प्रतिवेदन प्राप्त गरी प्रतिक्रिया दिएको | | |
| ३ | अन्तिम प्रतिवेदन तोकिएको समयमा सचिवालयमा पठाएको | | |

### ४०.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ४०.४ पुष्ट्याइको स्रोत

मूल्यांकनकर्ता छनौट र अनुशिक्षणको विवरण, मूल्यांकनकर्ताको प्रारम्भिक प्रतिवेदनउपरको प्रतिक्रिया र अन्तिम प्रतिवेदन पठाएको विवरण।

## सूचक नं. ४१ : कर्मचारीहरूको बैठक

### ४१.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

कर्मचारीहरूको नियमित वैठक वसाली वैठकमा जि.वि.स.को योजना र कार्यक्रम प्रगति, समस्या र समाधानका उपायहरू र कर्मचारीलाई दिईएको कार्यविवरण अनुसार कार्य सम्पादन भए नभएको छलफल गरी निर्णय समेत गर्नुपर्ने छ।

### ४१.२ मापन तालिका

| क्र.स. | कर्मचारीहरूको वैठक | छ | छैन |
|---|---|---|---|
| १ | प्रत्येक चौमासिक अवधिमा कम्तिमा एउटा पर्ने गरि वर्षमा कम्तीमा ३ वटा वैठक वसेको | | |
| २ | अघिल्लो बैठकबाट भएका निर्णयहरूको कार्यन्वयन समेत गरि आवश्यक निर्णय भएको | | |

### ४१.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ४१.४ पुष्ट्याइको स्रोत

वैठक संख्या, वैठकको उपस्थिति र निर्णयको माईन्यूट।

## सूचक नं. ४२ : गुनासो सुन्ने अधिकारी र सोधपुछ कक्षको व्यवस्था

### ४२.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

जिविसले सोधपुछ कक्ष राखी गुनासो सुन्ने अधिकारी मार्फत सेवा प्रवाहलाई प्रभावकारी वनाएको हुनुपर्दछ।

### ४२.२ मापन तालिका

| क्र.स. | गुनासो सुन्ने अधिकारी र सोधपुछ कक्षको व्यवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सोधपुछ कक्षको स्थापना गरी  कार्य संचालन गरेको | | |
| २ | गुनासो सुन्ने अधिकारी तोकेको | | |
| ३ | प्राप्त गुनासोहरूको अभिलेखीकरण र सो उपर कारवाही भएको | | |

### ४२.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको तीन वटै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने

### ४२.४ पुष्ट्याइको स्रोत

सोधपुछ कक्षको गठन सम्बन्धी परिषद् वा बोर्ड बैठकको निर्णय, सोधपुछ कक्षको संचालनको अवस्था र गुनासो सुन्ने अधिकारी तोकिएको निर्णय वा पत्र।

## सूचक नं ४३ : क्षमता विकास योजना

### ४३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

स्रोत परिचालन कार्यविधी वमोजिम जिविसले संगठनको उद्देश्य, जिम्मेवारी र आवश्यकता परिपूर्ति गर्नको लागि आवश्यक पर्ने क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको हुनुपर्ने छ। उक्त योजना जिल्ला परिषदबाट स्वीकृत तथा अद्यावधिक गरि जिल्ला विकास योजनामा वजेट तथा कार्यक्रम समावेश समेत भएको हुनुपर्दछ ।

### ४३.२ मापन तालिका

| क्र.स. | क्षमता विकास योजना | छ | छैन |
|---|---|---|---|
| १ | क्षमता विकास योजना तयार गरी अद्यावधिक (३ वर्षमा) गरेको | | |
| २ | क्षमता विकास योजनाका कार्यक्रम परिषदवाट स्वीकृत गरि विनियोजित वजेटको कम्तिमा ८० प्रतिशत खर्च भएको | | |

### ४३.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको दुवै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ४३.४ पुष्ट्याइको स्रोत
क्षमता विकास योजना, परिषद्को निर्णय र बजेट तथा कार्यक्रमको विवरण

## सूचक नं ४४ ः गा.वि.स. मा सामाजिक परिचालन

### ४४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
सामाजिक परिचालन सम्वन्धी प्रचलित निर्देशिका बमोजिम स्थानीय सेवा प्रदायकको छनौट, सामाजिक परिचालकको नियुक्ति, वडा नागरिक मञ्च/नागरिक सचेतना केन्द्र स्थापना गरिएको र प्राथमिकताको आधारमा योजना छनौट तथा बजेट विनियोजन गरिएको हुनुपर्दछ।

### ४४.२ मापन तालिका

| क्र.सं. | गा.वि.स.मा सामाजिक परिचालन | छ | छैन |
|---|---|---|---|
| १ | सामाजिक परिचालन सञ्चालन भएका गा.वि.स.का सबै वडामा वडा नागरिक मञ्च स्थापना भई क्रियाशील भएको | | |
| २ | सामाजिक परिचालन सञ्चालन भएका गा.वि.स.मा कम्तिमा एउटा नागरिक सचेतना केन्द्र स्थापना भई क्रियाशील भएको | | |
| ३ | सामाजिक परिचालन कार्यक्रमका लागि प्राप्त वजेट मध्ये ८०% भन्दा वढी खर्च भएको | | |
| ४ | सामजिक परिचालकहरूले गरेका कार्यहरूको एकीकृत वार्षिक प्रतिवेदन तयार गरेको | | |

### ४४.३ अंक प्रदान गर्ने विधि
मापन तालिकाको सबै कोष्ठको "छ" मा ठीक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ४४.४ पुष्ट्याइको स्रोत
आर्थिक विवरण, वार्षिक प्रगति प्रतिवेदन, सामाजिक परिचालन प्रगति प्रतिवेदन।

## सूचक नं ४५ : स्थानीय निकाय संयुक्त समिति

### ४५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

नियमावलीको नियम २७३ (ग) ले व्यवस्था गरे अनुसार स्थानीय निकायहरू वीचस्थानीय निकाय संयुक्तसमिति गठन गर्नुपर्ने व्यवस्था छ। आन्तरिक आय तथा प्राकृतिक स्रोतको दीगो परिचालन तथा व्यवस्थापनका अतिरिक्त अन्य क्षेत्रहरूको व्यवस्थित योजना, उपयोग तथा विकासका लागि जिविसले अन्यस्थानीय निकायसंग गठन गरेको समितिलाई परिषदले अनुमोदन गरेको हुनुपर्नेछ।

### ४५.२ मापन तालिका

| क्र.सं | स्थानीय निकाय संयुक्त समिति | छ | छैन |
|---|---|---|---|
| १ | अन्तर स्थानीय निकाय (जिल्ला/गाविस/नगरपालिका) संयुक्त समिति गठन गरेको | | |
| २ | संयुक्त समिति क्रियाशिल भई अन्तर स्थानीय निकाय विच समन्वय भएको | | |

### ४५.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ४५.४ पुष्ट्याइको स्रोत

स्थानीय निकाय संयुक्त समिति गठन सम्वन्धि जिल्ला परिषदको निर्णय, स्थानीय निकायहरूसंग भएका पत्राचारहरू।

## सूचक नं ४६ : गैर सरकारी संस्था समन्वय र परिचालन

### ४६.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

जिल्लामा क्रियाशिल गैससहरूलाई परिचालन गर्न जिल्ला विकास योजनामा गैससहरूको बजेट तथा कार्यक्रम समेत समावेश गर्नुका साथै नियमित समन्वय तथा अनुगमन गरी फ्रोफाईल समेत तयार गरेको हुनुपर्दछ।

### ४६.२ मापन तालिका

| सि.नं | गैसस समन्वय र परिचालन अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | गैसस समन्वयका लागि जिविसले सम्पर्क अधिकृत वा कर्मचारी तोकेको | | |
| २ | जिल्लामा कृयाशिल गैससहरूको फ्रोफाईल तयार गरेको | | |
| ३ | गत आ.व.मा नविकरणका लागि सिफारिस गर्दा लेखापरीक्षण प्रतिवेदन र प्रगती प्रतिवेदनका आधारमा गर्ने गरेको | | |
| ४ | गत आ.व.को वजेट तथा कार्यक्रम जिल्ला विकास योजनामा समावेश भई समिक्षा समेत गरेको | | |
| ५ | गत आ.व.मा संचालित जिल्ला विकास योजनामा समावेश भएका कार्यक्रमहरूको अनुगमन गरेको | | |

### ४६.३ अंक प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा ३ अंक, कोष्ठ, कुनै चार कोष्ठको “छ” मा ठीक (√) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने।

### ४६.४ पुष्ट्याइको स्रोत

जिल्ला विकास योजना, वार्षिक समिक्षा तथा अनुगमन प्रतिवेदन, कर्मचारीलाई जिम्मेवारी तोकिएको पत्र र गैससहरूको फ्रोफाईल।

# परिच्छेद-४
# गुणस्तर परीक्षण

न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको नतिजा तथ्यपरक र विश्वसनीय होस भन्ने अभिप्रायले न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको गुणस्तर परीक्षणको व्यवस्था गरिएको छ। यस परीक्षणका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. न्यूशकास मापन पद्धतिलाइ विश्वसनीय र प्रभावकारी बनाउने,

२. न्यूशकास मापन प्रतिवेदनलाइ गुणस्तरीय र यथार्थ बनाउने,

३. मूल्याङ्कनकर्ताहरूको पेशागत जवाफदेहिता वृद्धि गर्ने, र

४ मापन पद्धति सुधारका लागि पृष्टपोषण प्राप्त गर्ने।

## ४.१ गुणस्तर परीक्षणका लागि जिविस छनौट

गुणस्तर परीक्षणका लागि कूल जिविस संख्याको कम्तीमा दश प्रतिशत जिविस सचिवालयले निर्धारण गरेको उपयूक्त विधि अनुसार छनौट गरिनेछ। यसरी छनौट गर्दा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको प्रारम्भिक प्रतिवेदनलाई प्रमुख आधार मानिनेछ।

## ४.२ परीक्षण टोली तथा विधि

न्यूशकास मापनको गुणस्तर परीक्षण गर्नका लागि यस कार्यविधिको खण्ड ५.४ बमोजिमको टोली रहनेछ। तर जुन वर्षको मापनको गुणस्तर परीक्षण गरिने हो सोही वर्षको मापन कार्यमा संलग्न मूल्याङ्कनकर्ताहरू गुणस्तर परीक्षणका लागि मूल्याङ्कनकर्ता हुन सक्ने छैनन्। साथै गुणस्तर परीक्षण गरिने जिविसहरूको सम्बन्धित आ.व.को न्यूशकास मापनमा संलग्न संस्था सोही जिविसको गुणस्तर परीक्षणका लागि छनौट हुन सक्ने छैन। गुणस्तर परीक्षण विधि सचिवालयले निर्धारण गरे वमोजिम हुनेछ। छनौट भएको टोलीले मूल्याङ्कन सम्पन्न गरी तोकिए बमोजिमको ढाँचामा सचिवालयमा प्रतिवेदन दिनुपर्नेछ।

## ४.३ गुणस्तर परीक्षणको परिणाम

गुणस्तर परीक्षणको प्रतिवेदनबाट न्यूशकास मापनमा संलग्न टोलीले प्रभावमा परी वा हेलचेक्रयाइ गरी तथ्य फरक पारी वा गलत व्याख्या गरी वा नतिजामा फरक पारी गम्भीर त्रुटी गरेको पाइएमा त्यस्ता मूल्याङ्कनकर्ता व्यक्ति वा संस्थालाई भुक्तानी हुन बाँकी रकम रोक्का गरी कालो सूचीमा समेत राख्न सकिनेछ। तर यस्तो कारवाही गर्नु अघि सम्बन्धित संस्था वा व्यक्तिलाइ आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ।

# भाग ५

# मूल्याङ्कन तथा कार्यान्वयन

## ५. न्यूनतम शर्त र कार्य सम्पादन मापनको व्यवस्थापन

### ५.१ मूल्यांकन प्रणालीको व्यवस्थापन

नियमावलीको नियम २७३ घ मा व्यवस्था भए बमोजिम स्थानीय निकाय वित्तीय आयोगबाट न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्य सञ्चालन हुनेछ। यस मूल्यांकनको नतीजाको आधारमा नेपाल सरकारबाट जिविसहरूलाई प्रदान गरिने थप पूँजीगत अनुदान रकमको निर्धारण हुनेछ। न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्य प्रारम्भ गर्नु अगाडि सबै जिविसहरूलाई सचिवालयले पर्याप्त जानकारी गराउनेछ।

### ५.२ न्यूनतम शर्त तथा कार्य सम्पादन मापन लेखाजोखाका पूर्व तयारी

न्यूनतम शर्त तथा कार्यसम्पादनको मूल्यांकन गर्ने संस्था र परामर्शदाता टोलीको छनौट सचिवालयले पारदर्शी तरिकाबाट गर्नेछ। छनौट भएका मूल्यांकन टोलीलाई  सूचक तथा मूल्यांकन पद्धति सम्बन्धी तालिमको आयोजना गरिनेछ। मूल्यांकन टोलीलाई कार्यक्षेत्रमा सहयोग पुऱ्याउन आवश्यकतानुसार सचिवालयबाट  सहजकर्ता खटाउन सकिनेछ ।

मूल्याङ्कन गर्ने टोली सम्बन्धित जिल्ला विकास समितिमा जानु भन्दा अगाडि सम्बन्धित जिविसलाई टोली आइपुग्ने समय वारे अग्रिम जानकारी दिइनेछ। मूल्यांकनलाइ अन्तिम रुप दिनु अघि सो को प्रतिवेदन प्रतिकृयाका लागि सम्बन्धित जिविसमा पठाइनेछ। सम्वन्धित जिविसको प्रतिक्रिया प्राप्त गरी सो प्रतिवेदनलाइ अन्तिम रुप प्रदान गरिनेछ। साथै मूल्यांकनवाट प्राप्त अन्तिम नतिजा सार्वजनिक पनि गरिनेछ।

### ५.३ न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यान्वयन तथा सुपरिवेक्षण व्यवस्था

#### ५.३.१ सुपरीवेक्षण तथा व्यवस्थापन समितिको व्यवस्था

न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको लेखाजोखाको कार्य गराउन निम्न बमोजिमको सुपरिवेक्षण तथा व्यवस्थापन समिति हुनेछ। यस समितिले न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको सहजीकरण र सुपरिवेक्षण गर्नुका साथै उक्त कार्यसम्पादनका क्रममा आईपर्ने बाधा अवरोध हटाई मूल्याङ्कन कार्यलाइ निर्वाध रुपमा सम्पन्न गराउने छ।

**सुपरिवेक्षण तथा ब्यबस्थापन समिति**

| | | | |
|---|---|---|---|
| (क) | सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | – | अध्यक्ष |
| (ख) | सह-सचिव सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (सवै महाशाखा) | – | सदस्य |
| (ग) | सदस्य सचिव, स्थानीय निकाय वित्तीय आयोग | – | सदस्य |
| (घ) | महानिर्देशक स्थानीय पुर्वाधार तथा कृषि सडक विभाग | – | सदस्य |
| (ङ) | सह-सचिव (स्थानीय विकास हेर्ने), राष्ट्रिय योजना आयोगको सचिवालय | – | सदस्य |
| (च) | सह-सचिव (बजेट तथा कार्यक्रम हेर्ने), अर्थ मन्त्रालय | – | सदस्य |
| (छ) | प्रतिनिधि, जिविस महासंघ नेपाल | – | सदस्य |
| (ज) | राष्ट्रिय कार्यक्रम प्रवन्धक, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (कार्यक्रम रहेसम्म) | – | सदस्य |
| (झ) | उपसचिव, स्थानीय निकाय वित्तीय आयोगको सचिवालय | – | सदस्य-सचिव |

समितिले कार्य सम्पादनको क्रममा दातृ संस्थाको प्रतिनिधि र सम्बन्धित सरकारी एवं गैर सरकारी संघ/संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

### ५.३.१.१ सुपरिवेक्षण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

यस समितिले स्थानीय निकायहरूको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको लागि देहायबमोजिम व्यवस्थापन र सुपरिवेक्षण सम्बन्धि आवश्यक कार्यहरू गर्नेछ।

(१) न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको व्यवस्थापनमा सचिवालयलाई मार्ग निर्देशन दिने।

(२) न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको अनुगमन र सुपरिवेक्षण गर्ने, गराउने।

(३) न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको गुणस्तर सुनिश्चितता (Quality Assurence) का लागि आवश्यक व्यवस्था मिलाउने।

(४) न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्ने गराउने।

(५) गुणस्तर परिक्षणको प्रतिवेदन समेतका आधारमा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको अन्तिम नतिजा स्विकृत गर्ने।

### ५.३.१.२ सहजिकरण तथा व्यवस्थापन उपसमिति

सुपरिवेक्षण तथा व्यवस्थापन समितिलाई सहयोग पुर्याउन तथा न्यूनतम शर्त तथा कार्यसम्पादन मापन

(MCPM) कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्यमा सचिवालयलाई व्यवस्थापकिय कार्य गर्न गराउन देहाय बमोजिम सहजिकरण तथा व्यवस्थापन उप समिति रहनेछ।

(क) सदस्य सचिव, स्थानीय निकाय वित्तीय आयोगको सचिवालय – संयोजक

(ख) उपसचिव, स्थानीय निकाय सहयोग शाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय – सदस्य

(ग) उपसचिव, आर्थिक प्रशासन शाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय – सदस्य

(घ) उपसचिव, ऐन नियम परामर्श शाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय – सदस्य

(ङ) राष्ट्रिय कार्यक्रम प्रवन्धक, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (कार्यक्रम रहेसम्म) – सदस्य

(च) उपसचिव, स्थानीय निकाय वित्तीय आयोगको सचिवालय – सदस्य

(छ) उप-सचिव– ऐन नियम परामर्श शाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय – सदस्य

(ज) उपसचिव – आर्थिक प्रशासन शाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय – सदस्य

(झ) शाखा अधिकृत– स्थानीय निकाय वित्तीय आयोगको सचिवालय – सदस्य-सचिव

सम्बन्धित दात्री संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा उप समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

## ५.४ मूल्याङ्कन गर्ने टोली

जिल्ला विकास समितिको मूल्याङ्कनका लागि निम्न तालिका अनुसारको विषयमा दक्षता र अनुभव प्राप्त गरेका व्यक्तिहरू संलग्न टोली खटाइनेछ। यो टोलीले स्वतन्त्र रुपमा सम्बन्धित जिल्ला विकास समितिको मूल्याङ्कन गरी सो को प्रतिवेदन स्थानीय निकाय वित्तीय आयोगको सचिवालय समक्ष प्रस्तुत गर्न पर्नेछ। टोलीको बनोट देहाय बमोजिम हुनेछ :

| क्र.सं. | दक्षता प्राप्त क्षेत्र/व्यक्ति | संख्या | अध्ययन गर्ने क्षेत्र | योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | मूल्याङ्कनकर्ता (स्थानीय शासन) | १ | विकेन्द्रीकरण, योजना, अनुगमन तथा मूल्याङ्कन, संस्थागत विकास, असल शासन, योजना प्रक्रिया, स्थानीय विकास र स्थानीय सुशासन | स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको | उपर्युक्त दुबै व्यक्तिहरू मध्ये योग्यता तथा अनुभवको आधारमा एकजना टोली नेता र एक जना सदस्यको रुपमा रहन सक्नेछन्। |
| २ | मूल्याङ्कनकर्ता (वित्तीय व्यवस्थापन) | १ | आय–व्यय विश्लेषण, बजेट व्यवस्थापन, जिन्सी व्यवस्थापन, स्रोत परिचालन र व्यवस्थापन | सम्बन्धित विषयमा स्नातकोत्तर गरी सो विषयक्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको | |

## ५.५ मूल्याङ्कन गर्ने विधि

मूल्याङ्कन गर्ने टोलीले जिविसमा पुग्नु अगावै सम्वन्धित जिविसमा जानकारी गराउनु पर्दछ। जिल्लामा मूल्याङ्कन टोली पुगेपछि सर्वप्रथम जिविसमा सम्बन्धित कर्मचारी र राजनीतिक दल लगायत सरोकारवालाहरू समेतको बैठक गरी अभिमूखीकरण गर्नु पर्नेछ। उक्त बैठकमा सूचकको व्याख्या, मूल्याङ्कनले भविष्यमा पार्ने असरहरू, आवश्यक पर्ने तथ्यहरू  र ती तथ्यहरू कहिले सम्ममा प्राप्त गर्ने भनी प्रष्ट जानकारी दिनुपर्नेछ।

न्यूशकास मापनका सूचक अनुसारका सूचना तथा तथ्यहरू सम्बन्धित शाखा/उपशाखा र इकाई आदिबाट प्रमाणित कागजात सङ्कलन गर्नु पर्दछ। आवश्यकता अनुसार केही सूचकको स्थलगत अध्ययन गर्ने र कुनै सुचकको वारेमा सम्बन्धित सरोकारवालासँग छलफल गर्नुपर्ने हुन सक्दछ। जस्तो जिविस भित्रकै संगठनात्मक संरचना बमोजिमका शाखा तथा ईकाइहरूको स्थिति र फिल्डमा योजनागत सार्वजनिक परीक्षण,योजना सूचना पाटी राखिए नराखिएको  स्थलगत अध्ययन गर्नुपर्नेछ।

न्यूनतम शर्तको मूल्याङ्कन गर्दा तोकिए अनुसारका कागजात वा सो को ठोस प्रमाणबाट पुष्टि हुन नसकेमा न्यूनतम शर्त पूरा नभएको मानिनेछ। त्यस्तै कार्यसम्पादन मापनको हकमा तोकिएको आधारमा अङ्क प्रदान गर्नु पर्नेछ। मूल्याङ्कनको क्रममा जिविस बाट पेश भएका तथ्य वा कागजातहरू सत्यतामा आधारित नभएको पाइएमा त्यस्तो तथ्य वा कागजात तयार गर्ने/पेश गर्ने/प्रमाणित गर्ने कर्मचारी वा पदाधिकारी उपर प्रचलित कानून वमोजिम विभागीय कारवाही गरिनेछ।

## ५.६ मूल्याङ्कनको नतीजा उपर सुनुवाई सम्बन्धी व्यवस्था

मूल्याङ्कन टोलीले न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्य सम्पन्न गरेपछि सो को प्रारम्भिक प्रतिवेदन स्थानीय निकाय वित्तीय आयोगको सचिवालयमा बुझाउने छ। सचिवालयले सो प्रतिवेदन अध्ययन गरी केही सुझाव भए मूल्याङ्कन टोलीलाइ उपलव्ध गराउनेछ। मूल्याङ्कन टोलीले सो सुझाव अनुसार परिमार्जन गरी अन्तिम प्रतिवेदन सचिवालयमा पेश गर्नेछ। यस्तो प्रतिवेदन प्रतिक्रियाका लागि सम्बन्धित जिविसमा पठाइनेछ। कुनै जिविसले

मूल्याङ्कन टोलीको नतिजा उपर चित्त नबुझेमा जानकारी प्राप्त भएको पन्ध्र दिन भित्र पुष्ट्याइँ तथा सबुत/प्रमाण सहित सचिवालयमा पुनरावेदन (Appeal) गर्न सक्नेछन्। जिविसवाट प्राप्त पुनरावेदन उपर सुनुवाई गर्ने अधिकारी (सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव) ले देहाय बमोजिम पुन:विचार गरी अन्तिम निर्णय दिनेछन् :

- पेश भएका सवुत प्रमाणको जाँचवुझ गर्ने
- आवश्यकतानुसार मूल्याङ्कन गर्ने टोली र संस्थासँग थप जानकारी माग्ने।
- सो जानकारीवाट पनि स्थिति स्पष्ट नभएमा अर्को टोलीबाट पुनः मूल्याङ्कन गराउने।
- यसरी पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

सबुत/प्रमाण विना गरिएको उजुरमा कुनै सुनुवाई/पुन:विचार गरिने छैन। झुटा विवरण पेश गरी पुनरावेदन गर्ने जिविसका सम्वन्धित पदाधिकारी तथा कर्मचारीलाइ विभागीय कारवाही गरिनेछ।

कुनै जिविसले गरेको पुनरावेदन सही ठहरेमा थप मूल्याङ्कन टोली पठाउंदाको खर्च आयोगले व्यहोर्ने छ। तर त्यस्तो पुनरावेदन सही नठहरिएमा थप मूल्याङ्कन टोली पठाउंदाको खर्च सम्बन्धित जिविसले नै व्यहोर्नु पर्नेछ। जिविसले सो रकम नपठाएमा जिविसलाई प्रदान गरिने अनुदान वा निकासा हुने अन्य स्रोतबाट कट्टा गरिनेछ। पहिले गरेको मूल्याङ्कनमा गम्भीर त्रुटि देखिएमा त्यसरी मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्ताको अभिलेख राखी आगामी कार्यक्रममा भाग लिन नपाउने गर्न सकिनेछ।

***नोट : सचिवालयले मूल्याँकन गर्ने टोली, मूल्याँकन गर्ने विधी र सुनुवाई सम्बन्धि व्यवस्थामा परिवर्तन गर्न सक्नेछ।***

# परिच्छेद–६
# नेपाल सरकारका केन्द्रिय निकायहरूको भूमिका

न्यूशकास मापन कार्यविधि अनुसारका सूचककहरूको पूर्णपालना स्थानीय निकायहरूको एकल प्रयाशले मात्र पनि सम्भव हुन सक्ने देखिंदैन। केन्द्रिय निकायहरूले गर्नुपर्ने स्थानीय निकायहरूसंग सम्वन्धित कार्यहरू तोकिएको समयमा पूरा गरेमा मात्र स्थानीय निकायहरूलाई यस कार्यविधि वमोजिमका सूचकहरू पूरा गर्न सहज हुन जान्छ। यस सन्दर्भमा केन्द्रिय निकाहरूको भूमिकाले पनि महत्व राख्दछ। यो कार्यविधिको सफल कार्यान्वयनका लागि अन्य विभिन्न निकायहरूवाट निम्नानुसारका भूमिका निर्वाह भएमा प्रभावकारी हुन जान्छ।

## राष्ट्रिय योजना आयोग

१. स्थानीय स्वायत्त शासन ऐनको दफा १९५ अनुसार पठाउनुपर्ने बजेट सिलिङ्ग तथा मार्गदर्शन कार्तिक मसान्तभित्रै पठाउने।

२. स्थानीयस्तरमा सञ्चालन हुने वार्षिक कार्यक्रम समयमै स्वीकृति गरी पठाउने।

३. वार्षिक बजेट तथा कार्यक्रममा नपरेका कार्यक्रमहरू अनायाश आर्थिक वर्षको विचमा वा उत्तरार्ध्दमा स्वीकृत गरी कार्यान्वयनका लागि स्थानीय निकायमा पठाउने कार्यलाइ निरुत्साहित गर्ने।

## विषयगत मन्त्रालय

१. आफ्ना विषयगत क्षेत्रका योजना तर्जुमा सम्बन्धी मार्गदर्शन कार्तिक मसान्त भित्र पठाउने।

२. राजस्व बाँडफाँडको रकम संग सम्बन्धित मन्त्रालय,विभाग तथा कार्यालयहरूले तोकिए बमोजिमको रकम सम्वन्धित ऐन, नियम तथा कार्यविधि अनुसार समयमै निकाशा गरिदिने।

३. वार्षिक बजेट तथा कार्यक्रममा नपरेका कार्यक्रमहरू अनायाश आर्थिक वर्षको वीचमा वा उत्तरार्ध्दमा स्वीकृत गरी कार्यान्वयनका लागि स्थानीय निकायमा नपठाउने।

४. आफ्नो मन्त्रालयसंग सम्बन्धित कार्य सम्पादन गर्न जिविसहरूको क्षमता अभिवृद्धिका कार्यक्रम बनाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

## अर्थ मन्त्रालय

१. बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा बजेट सिलिङ्ग कार्तिक मसान्तभित्रै पठाउने।

२. बजेट निकाशा र खर्च गर्ने अख्तियारी समयमै पठाउने।

३. वार्षिक बजेट तथा कार्यक्रममा नपरेका कार्यक्रमहरू अनायाश आर्थिक वर्षको वीचमा वा उत्तरार्ध्दमा स्वीकृत गरी कार्यान्वयनका लागि रकम निकाशा नगर्ने।

४. राजस्व बाँडफाँड वापत सम्बन्धित मन्त्रालयले स्थानीय निकायमा पठाउन आवश्यक पर्ने रकम तोकिएको समयमै पठाउन सक्ने गरी यथासमयमा निकाशा दिने।

## सामान्य प्रशासन मन्त्रालय

१. आर्थिक वर्षको वीचमा स्थानीय निकायको काममा प्रतिकूल असर पर्ने गरी निजामती सेवा ऐन नियम विपरीत कर्मचारीको सरुवा नगर्ने।

२. आर्थिक वर्षको वीचमा स्थानीय निकायको काममा प्रतिकूल असर पर्ने गरी ऐन नियम विपरीत कर्मचारीको सरुवा गर्न सहमति माग भइ आएमा विशेण परिस्थितीमा वाहेक सहमति नदिने।

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

१. बजेट तर्जुमा सम्बन्धी मार्ग दर्शन तथा बजेट सिलिङ्ग कार्तिक मसान्तभित्रै पठाउने कार्यमा समन्वय गर्ने।

२. आफ्नो तर्फवाट पठाउनुपर्ने मार्गदर्शन तोकिएको समयमै पठाउने।

३. वार्षिक बजेट तथा कार्यक्रममा नपरेका कार्यक्रमहरू अनायाश आर्थिक वर्षको वीचमा वा उत्तरार्ध्दमा स्वीकृत गरी कार्यान्वयनका लागि जिविसमा नपठाउने।

४. स्थानीय निकायको काममा प्रतिकूल असर पर्ने गरी ऐन नियम विपरीत कर्मचारीको सरुवा नगर्ने।

५. कर्मचारीको सरुवा, पदस्थापन, कार्यसम्पादन मूल्याङ्कन तथा पुरस्कार दिने वा अध्ययन भ्रमण वा तालिममा पठाउने जस्ता जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरूलाइ न्यूशकास मापनको नतिजासंग आवद्ध गर्ने।

६. शसर्त अनुदान को रुपमा जाने रकमलाई समेत क्रमश न्यूशकास मापनको परिणामसंग आवद्ध गर्दै जाने।

७. कार्यविधि, निर्देशिका वा निर्देशनहरू आर्थिक वर्ष प्रारम्भ हुनु अगावै तयार गरी पठाउने।

८. जिविसहरूको क्षमता अभिवृद्धिका कार्यक्रम बनाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

# परिच्छेद–७
# आचार संहिता

## १. मूल्याङ्कनकर्ताले पालन गर्नुपर्ने आचार संहिता

मूल्याङ्कन गर्नका लागि छनोट भएका संस्था तथा मूल्याङ्कनकर्ताले देहाय वमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :

क. आयोगद्वारा आयोजना गरिने अभिमुखिकरण कार्यक्रममा अनिवार्य रुपले भाग लिने।

ख. मूल्याङ्कनका क्रममा मूल्याङ्कनकर्ताले जिविसलाइ कुनै प्रकारको आर्थिक वोझ पार्न र जिविसको आतिथ्यता ग्रहण नगर्ने।

ग. मूल्याङ्कनका लागि तोकिएको समयमा तोकिएका दुवै जना मूल्याङ्कनकर्ताहरूले एकै साथ मूल्याङ्कन कार्य प्रारम्भ गरी एकै साथ सम्पन्न गर्ने।

घ. मूल्याङ्कनका क्रममा कुनै आयोजनास्थलमा जानुपरेको अवस्थामा बाहेक जिविसको सवारी साधन प्रयोग नगर्ने।

ङ. जिविस वा यसका पदाधिकारी वा कर्मचारीलाइ कुनै प्रकारको अनुचित प्रभाव वा दवावमा पारी मूल्याङ्कन कार्य सम्पादन नगर्ने।

च. स्थलगत मूल्याङ्कन कार्य सम्पन्न भएपछि मूल्याङ्कनका क्रममा प्राप्त अनुभवका सम्वन्धमा सम्बन्धित सरोकारवालाहरूसंग छलफल गर्ने तर प्राप्त नतिजा वा अङ्क वारे जानकारी नदिने।

छ. जिविसबाट प्रदान गरिने सेवा प्रवाहमा असर पर्ने गरी मूल्याङ्कन कार्य नगर्ने ।

ज. मूल्याङ्कनकर्ताहरूले आ–आफ्नो कार्यक्षेत्र अनुसारका भिन्न भिन्न विषयको अध्ययन गर्ने तर प्रतिवेदन संयूक्त रुपमा तयार गर्ने।

झ. मूल्याङ्कन कार्य सम्पन्न भएको भन्ने सम्बन्धित जिविस कार्यालयको पत्र लिएर मात्र जिल्ला छाड्ने र कार्यक्षेत्रवाट फर्कीसकेपछि थप कागजात वा तथ्यहरू माग नगर्ने।

## २. जिल्ला विकास समितिले पालन गर्नुपर्ने आचार संहिता

क. जिविस कार्यालयलाई आर्थिक व्ययभार नपर्ने गरी मूल्याङ्कन कार्यको व्यवस्थापन गर्ने।

ख. मूल्याङ्कनकर्ताहरूको खाना तथा होटल बास खर्च भूक्तान नगर्ने।

ग. मूल्याङ्कनका क्रममा कुनै आयोजनास्थलको भ्रमण गराउनु परेको अवस्थामा बाहेक कार्यालयको सवारी साधन मूल्याङ्कनकर्तालाई प्रयोग गर्न नदिने।

घ. मूल्याङ्कनकर्तालाइ अनुचित प्रभाव वा दवावमा पारी मूल्याङ्कन कार्य नगराउने।

ङ. मूल्याङ्कनकर्ताले माग गरेका प्रमाण कागजात तथा तथ्यहरू उपलव्ध गराइ सहयोग गर्ने।

च. मूल्याङ्कनका लागि प्रभाव पार्ने उद्देश्यले गलत तथ्य वा कागजातहरू तयार र पेश नगर्ने।

छ. मूल्याङ्कनमा प्रभाव पार्ने उद्देश्यले मूल्याङ्कन हुनु अघि वा पछि मूल्याङ्कनकर्ताहरूलाई जिविसको तर्फवाट पारिश्रमिक पाउने गरी थप काम (परामर्श सेवा) दिन नपाईने।

ज. मूल्याङ्कनको अन्तिम तिजा सचिवालयबाट सार्वजनिक गरिने हुदा मूल्याङ्कनकर्ताबाट नतिजा प्राप्त गर्ने प्रयास नगर्ने।

झ. मूल्याङ्कन कार्य सम्पन्न भएपछि सोही व्यहोराको पत्र सचिवालयमा पठाउने।

# परिच्छेद–८
## न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजा अनुसार थप पूंजीगत अनुदानको बाँडफाँड

न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका आधारमा जिविसलाई वाँडफाँड गरिने थप निशर्त पूँजीगत अनुदान वितरण देहायको आधारमा गरिने छ :

क. न्यूनतम शर्त पूरा गर्न नसक्ने जिविसहरूले न्यूनतम पूँजीगत अनुदान वाहेक थप पूँजिगत अनुदान प्राप्त गर्ने छैनन्।

ख. न्यूनतम शर्तका सूचक पूरा गरेको तर कार्य सम्पादन मापनमा तोकिएको न्यूनतम अङ्क प्राप्त गर्न नसक्ने जिविसहरूले प्राप्त गर्ने थप पूँजिगत अनुदानमा २० प्रतिशतले कटौती हुने छ।

ग. न्यूनतम शर्त र कार्यसम्पादनमा उत्तीर्ण भई सवै भन्दा वढी अङ्क प्राप्त गर्ने तीन/तीन वटा जिविसलाई थप पूँजिगत अनुदानमा २० प्रतिशतले थप हुने छ।

घ. बाँकी जिविसहरूलाई देहाय वमोजिम थप पूँजिगत अनुदान बाँडफाँड गरिने छ :

- सवैभन्दा बढी अङ्क प्राप्त गर्ने २५ प्रतिशत जिविसहरूले (माथिल्लो श्रेणीमा पर्ने) १५ प्रतिशतले थप प्राप्त गर्ने।
- त्यसपछि वढी अङ्क प्राप्त गर्ने दोस्रो समूहमा परेका २५ प्रतिशत जिविसहरूले १० प्रतिशतले थप प्राप्त गर्ने।
- त्यसपछिको तेस्रो समूहमा परेका २५ प्रतिशत जिविसहरूको थप अनुदान १० प्रतिशतले कटौती हुने ।
- अन्तिम समूहमा परेका २५ प्रतिशत जिविसहरूको (सवैभन्दा तल्लो श्रेणीमा पर्ने) थप अनुदान १५ प्रतिशतले कटौती हुने ।

नेपाल सरकार
स्थानीय निकाय वित्तीय आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं
फोनः ४२००४३०, ४२००४३१, फ्याक्सः ४२००४३२
E-mail: info@lbfc.gov.np, fiscalcommission@gmail.com
Website: www.lbfc.gov.np